काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

नागरिक

दैनिक

वर्ष १६, अंक ३१५, पृष्ठ ८, बुधबार २८ फागुन २०८१, फाल्गुण शुक्लपक्ष त्रयोदशी, Wednesday, 12 March, 2025, नेपाल संवत् ११४५, मूल्य- १०/-

nagariknews.com

आर्थिक

कैलालीको पूर्वी भेगका ठुला चामल उद्योग धराशयी भएसँगै साना चामल उद्योगसमेत बन्द हुने अवस्थामा पुगेका छन् ।

समाचार

'रेफर सेन्टर' बन्यो जिल्ला अस्पताल कालीकोट

भगवतीले आरसिटीलाई हरायो

श्री भगवती क्लबले जारी सहिद स्मारक 'बी' डिभिजन लिग फुटबलमा जित निकाल्दा मध्यपुर युथ एसोसिएसन र टुसाल युथ क्लबले अंक बाँडेका छन् ।

डोल्पाको मुड्केचुला गाउँपालिका-४ इलमा चट्टान फोडेर सडक निर्माण गरिँदै। जगदुल्ला जलविद्युत आयोजनाको बाँध स्थल रहेको इलमा हाल निर्माण कार्य जारी छ। *तस्बिर : रासस*

फैसला कार्यान्वयनमा निरीह न्यायालय

अझै सवा लाख वर्ष कैद र ३२ अर्ब रुपैयाँ जरिवाना असुल्न बाँकी

भाषा शर्मा

काठमाडौं, फागुन २७

सर्वोच्चलगायत देशभरका अदालतमा मुद्दा फछ्र्योटको संख्या अघिल्ला वर्षको तुलनामा केही बढे पनि फैसला कार्यान्वयन भने सधैंको जस्तै कमजोर देखिएको छ। समयमा फैसला कार्यान्वयन नहुँदा सवा लाख वर्ष कैद र ३२ अर्ब रुपैयाँभन्दा बढी जरिवाना असुल हुन बाँकी छ। सर्वोच्च अदालतले राष्ट्रपतिलाई मंगलबार बुझाएको वार्षिक प्रतिवेदनअनुसार फैसला कार्यान्वयनको पाटो उस्तै देखिएको हो।

संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपति रामचन्द्र पौडेललाई प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले वार्षिक प्रतिवेदन बुझाएका हुन्। आर्थिक वर्ष २०८०/८१ मा भएका न्याय सम्पादन तथा अन्य व्यवस्थापकीय कामसम्बन्धी विवरणसहितको प्रतिवेदन प्रधानन्यायाधीश राउतले राष्ट्रपतिसमक्ष पेस गरेका हुन्।

फैसला कार्यान्वयनमा राज्यका सबै निकाय क्रियाशील नहुँदा कैद र जरिवानामा नम्बर थपिँदै गएको प्रतिवेदनमा देख्न सकिन्छ। यसले अदालतबाट हुने मुद्दाको फैसला कार्यान्वयन राम्ररी हुन नसकेको बुझिन्छ।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा विगत वर्षमा जस्तै कैद र जरिवाना थपिँदै गएको छ। विगत वर्षमा कैदतर्फ जम्मा ३३ प्रतिशत मात्रै असुल भएको छ। त्यसबाहेक बाँकी कैद यस वर्षको तथ्यांकमा थपिएको छ। विभिन्न मुद्दामा एक लाख १४ हजार ६ सय ३७ वर्ष कैद असुल हुन बाँकी छ। यो कार्यान्वयन हुन निकै कठिन छ।

त्यस्तै जरिबानातर्फ पनि त्यसैगरी नम्बर थपिएको छ। अदालतले मुद्दा फैसला गर्दा तोकेको जरिवाना समयमा असुल नहुँदा थपिँदै गएको हो। सबै जिल्ला अदालतले अघिल्ला वर्षहरूमा थपिँदै आएको जरिवानाको कुल लगतमा जम्मा २८ प्रतिशत मात्रै असुल भएको थियो। हालसम्म विभिन्न व्यक्तिबाट जरिवानाबापत ३२ अर्ब ११ करोड ९६ लाख रुपैयाँ असुल हुन बाँकी छ।

बाँकी पृष्ठ ३

तोसिमाको सांसद पद जोगियो

नागरिक संवाददाता

काठमाडौं, फागुन २७

सर्वोच्च अदालतले संसदीय निर्वाचनसँग सम्बन्धित डा. तोसिमा कार्कीविरुद्धको मुद्दामा दुई वर्षपछि मंगलबार फैसला सुनाएको छ। न्यायाधीशहरू मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले कार्कीको सांसद पद जोगिने गरी फैसला गरेको हो। अदालतबाट फैसलाको लिखत भने आइसकेको छैन।

उनले पछिल्लो संसदीय निर्वाचनमा उम्मेदवारी दिएपछि उत्पन्न विवादमा दर्ता भएको मुद्दा बल्ल टुंगो लागेको हो। कार्की ललितपुर क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभामा निर्वाचित सदस्य हुन्। अदालतले यसअघि नै दिएको अन्तरिम आदेशलाई निरन्तरता दिँदै निवेदक कार्कीको मागबमोजिम फैसला गरेको हो।

कार्कीले उम्मेदवारी दर्ता गरेपछि त्यसलाई निर्वाचन आयोगले खारेज गर्ने निर्णय गरेको थियो। त्यसविरुद्ध उनले सर्वोच्च अदालतमा २०७९ कात्तिक १४ गते रिट निवेदन दिएकी थिइन्। सर्वोच्चले कात्तिक १५ गते नै निर्वाचन आयोगको निर्णयविरुद्ध अन्तरिम आदेश जारी गरेको थियो। अदालतको अन्तरिम आदेशमा उनले चुनाव लड्न पाएकी थिइन्।

त्यसबेला न्यायाधीश कुमार चुडालको एकल इजलासले सर्वोच्च अदालतको नजिर उल्लेख गर्दै उम्मेदवारलाई अयोग्य घोषित गर्न नमिल्ने अन्तरिम आदेश जारी गरेको थियो।

कार्की नेपाल मेडिकल काउन्सिलको निर्वाचित सदस्य रहेको, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा १२ को खण्ड (ङ) प्रयोजनार्थ उक्त लाभको पदमा बहाल रहेको भन्दै निर्वाचन आयोगमा उनीविरुद्ध उजुरी परेपछि आयोगले उम्मेदवारी खारेज गरिएको थियो।

बाँकी पृष्ठ २

खारेज हुँदै १५ हजार समस्याग्रस्त सहकारी

टपेन्द्र कार्की

काठमाडौं, फागुन २७

समस्याग्रस्त सहकारी संस्थामा डुबेको निक्षेपकर्ताको रकम फिर्ता गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाउने भएको छ। त्यस्ता सहकारीको चलअचल सम्पत्तिको व्यवस्थापन र दायित्व वहन गरी निक्षेपकर्तालाई रकम भुक्तानी दिने गरी काम अघि बढाउन लागिएको हो।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणसम्बन्धी विषयगत समितिको विराटनगरमा सोमबार सम्पन्न तेस्रो बैठकले 'प्रचलित सहकारी कानुनबमोजिम समस्याग्रस्त अवस्थामा पुगेका सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीका लागि सम्बन्धित तहबाट समस्याग्रस्त घोषणा गरी व्यवस्थापन कार्य अघि बढाउने' निर्णय गरेको छ।

लामो समयदेखि साधारणसभा नगरेका, लेखापरीक्षण नगरेका, सम्पर्कमा नरहेका नियमित प्रतिवेदन पेस नगरेका सहकारी संस्था पहिचान गरी तिनलाई कारोबारमा रोक

> सरकारले समस्याग्रस्त सहकारी संस्थाको चलअचल सम्पत्तिको व्यवस्थापन र दायित्व वहन गरी निक्षेपकर्तालाई रकम भुक्तानी दिने गरी काम अघि बढाउन लागेको हो।

लगाई निष्क्रिय सूचीमा समावेश गरी खारेजी प्रक्रियामा लैजाने निर्णय बैठकले गरेको छ। यसअनुसार करिब ३२ हजार सहकारी संस्थामध्ये पहिलो चरणमा १५ हजारको दर्ता खारेजी हुनेछ।

संघ, प्रदेश र स्थानीय तहमा सहकारी र भूमिसम्बन्धी विषयमा देखिएका समस्याबारे बैठकमा छलफल भएको थियो। भूमि व्यवस्था मन्त्रालयका प्रवक्ता एवं सहसचिव गणेशदत्त भट्टले समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था नगरिसकका प्रदेश/स्थानीय तहले संघीय कानुनअनुकूल हुने गरी आवश्यक प्रबन्ध मिलाउने निर्णय बैठकले गरेको जानकारी दिए।

सहसचिव भट्ट संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विषयगत समितिका सचिव हुन्। यो विषयलाई प्रभावकारी बनाउन मन्त्रालयका तर्फबाट उनी खटिएका थिए। उनका अनुसार सहकारीका सदस्य/बचतकर्ताको उजुरी तथा गुनासो तत्काल व्यवस्थापनका लागि विद्युतीय प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याउने निर्णयसमेत गरिएको छ।

बैठकले सहकारी संस्थाहरूलाई निक्षेप तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्रमा आबद्ध गराउन तीनवटै तहबाट प्रचारप्रसार, गोष्ठी, छलफल, अन्तर्क्रियाजस्ता प्रवर्धनात्मक कार्य गर्ने/गराउने र सहकारीको रकम हिनामिना गरेकालाई कालोसूचीमा राखी सदस्यको बचत रकम फिर्ता गर्ने सम्बन्धमा विभिन्न निर्णय गरेको छ। सहकारीको रकम हिनामिना गर्ने संस्थाको सघन अनुगमन गर्ने, सम्पत्ति र दायित्वको विवरणसहित समस्या समाधानका लागि श्वेतपत्र जारी एवं कार्ययोजना पेस गर्ने/गराउने व्यवस्था मिलाउने र आवश्यक परे समस्या समाधानका लागि कानुनबमोजिम कारबाही प्रक्रिया अवलम्बन गर्ने निर्णय पनि सो बैठकले गरेको छ। यस्तै बैठकले आगामी दिनमा सहकारी संस्था दर्ता गर्दा अपनाउने विधि र प्रक्रिया सम्बन्धमा १५ दिनभित्र सुझाव पेस गर्न प्रदेशस्थित तालुक मन्त्रालयलाई निर्देशन दिएको छ।

बाँकी पृष्ठ २

रोड्रिगो पक्राउ

काठमाडौं, फागुन २७ (नागरिक)- हजारौं मानिसको गैरकानुनी हत्या गरेको अभियोग खेपिरहेका फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो दुतेर्ते पक्राउ परेका छन्। अन्तर्राष्ट्रिय फौजदारी अदालतको आदेशमा उनलाई मंगलबार मनिलामा पक्राउ गरिएको हो।

बाँकी पृष्ठ २

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

दुवै पक्षलाई छलफलमा बोलाउने आदेश

नागरिक संवाददाता

काठमाडौं, फागुन २७

प्रहरी प्रधान कार्यालयले सुरु गर्न लागेको स्टाफ कलेजका सम्बन्धमा विवाद उत्पन्न भएको छ। प्रहरी संगठनका केही अधिकृतहरूले सर्वोच्च अदालतमा रिट हाल्दै स्टाफ कलेज सञ्चालनलाई तत्काल रोक्न माग गरेपछि विवाद उत्पन्न भएको हो। तर सर्वोच्चले 'दुवै पक्षलाई छलफलमा बोलाउने' आदेश दिएको छ। न्यायाधीश हरिप्रसाद फुयाँलको इजलासले अन्तरिम आदेशबारे छलफल गर्न चैत ४ मा दुवै पक्षलाई बोलाउन आदेश दिएको हो।

रिपेन्द्र कुमारसहित २० जना प्रहरी नायब उपरीक्षक (डिएसपी) ले स्टाफ कलेजविरुद्ध रिट दायर गरेका थिए। पुलिस लिडरसिप एन्ड स्टाफ कोर्समा सहभागिताका लागि चैत ७ मा प्रवेश परीक्षा सञ्चालन गर्न प्रहरी प्रशिक्षण प्रतिष्ठानले सूचना जारी गरेपछि सर्वोच्चमा रिट परेको थियो। २०७० सालमा भर्ना भएका अधिकृतहरूबाट कोर्स लागु गर्न खोजिएको छ। नयाँ प्रहरी ऐनमा व्यवस्था गरेर मात्र त्यसलाई लागु गर्न अधिकृतहरूले माग गरेका छन्। रिट निवेदक सबै २०७० सालमा इन्स्पेक्टरमा भर्ना भएर डिएसपीमा बढुवा भएकाहरू हुन्।

अदालतमा प्रहरी स्टाफ कलेज प्रकरण

प्रहरी प्रधान कार्यालयले स्वीकृत गरेको पुलिस लिडरसिप एन्ड स्टाफ कोर्सअन्तर्गत मास्टर इन पुलिस साइन्स (एमपिएस) र प्रोफेसनल लिडरसिप कोर्स (पिएलसी) पूरा गर्नुपर्छ। ती कोर्स पूरा नगर्नेहरू डिआइजीमा बढुवा हुन नपाउने व्यवस्था लागु गर्न खोजिएको छ। निवेदकहरूका तर्फबाट वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई, दिनेश त्रिपाठी, भीमार्जुन आचार्य र अधिवक्ता डा. गणेश रेग्मीले बहस गरे। चैत ४ मा पेसी सार्न नमिल्ने गरी अन्तरिम आदेशबारे छलफल गरिने आदेशमा उल्लेख छ। प्रहरीको वृत्ति विकासका लागि कोसेढुंगा मानिएको स्टाफ कलेजको प्रवेश परीक्षालगायत विषयमा असन्तुष्ट समूहले अदालतमा मुद्दा दायर गरेको हो।

२०७० चैतमा भर्ना भएको इन्स्पेक्टरको ब्याचबाट स्टाफ कलेज सुरु गर्न लागिएको छ। कानुनमै नभएको स्टाफ कलेज रोक्न माग गर्दै उनीहरू अदालत गएका हुन्। यसले नेपाल प्रहरीभित्रको चेन अफ कमान्डको अवस्था कमजोर बनेको देखिएको छ। राजनीतिक शक्तिको आडमा चलखेल गर्दै आएका अधिकृतहरू रिट लिएर सर्वोच्च गएका हुन्।

बाँकी पृष्ठ ३

राजावादी सक्रियतामा सत्ता-प्रतिपक्षको जुहारी

दुई तिहाइको वर्तमान सरकारको शासन कुशासनमा परिणत भएकैले लोकतन्त्रमाथि नै चुनौती र जनता सडकमा ओर्लिने अवस्था आएको छ।
- पुष्पकमल दाहाल

वर्तमान सरकार गठन भएपछि मात्र जनता आक्रोशित भएको प्रतिपक्षीको आरोप गलत हो। यसका लागि माओवादी केन्द्र पनि जिम्मेवार छ।
- गगन थापा

ईश्वरी सुवेदी

काठमाडौं, फागुन २७

नेपालबाट राजतन्त्रलाई विधिवत् रूपमा हटाइएको १६ वर्षपछि राजावादीहरूको सक्रियता बढेको विषयलाई लिएर संसद्मा सत्ता र प्रतिपक्षबीच आरोप-प्रत्यारोप चलेको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सत्तारूढ दल र प्रतिपक्षी दलका सांसदले मुलुकमा राजतन्त्रको पक्षमा गतिविधिहरू बढ्नुमा एकले अर्को पक्षलाई दोषारोपण गरेका हुन्।

पहिलो संविधानसभाले २०६५ जेठ १५ गते मुलुकमा दुई सय ४० वर्ष शासन गरेको राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो। सत्तारुढ नेपाली कांग्रेस र एमालेका सांसदले मुलुकमा राजतन्त्र अन्त्य भएको डेढ दशकपछि राजावादीका गतिविधि बढ्नुले लोकतन्त्रमाथि खतरा बढेको भन्दै यसका लागि नेकपा माओवादी जिम्मेवार भएको आरोप लगाए भने प्रतिपक्षी माओवादी केन्द्रलगायत दलका सांसदले वर्तमान दुई तिहाइको गठबन्धन सरकारकै कारण यस्तो अवस्था आएको दोषारोपण गरे।

बैठकमा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले दुई तिहाइ बहुमतको वर्तमान सरकारको शासन कुशासनमा परिणत भएकाले लोकतन्त्रमाथि नै चुनौती देखा परेको बताए। राजावादीको चहलपहल बढ्नुको मुख्य दोषी वर्तमान सरकारलाई देखाउँदै दाहालले भने, 'लोकतन्त्रमा जति चुनौती बाहिरबाट छ, त्योभन्दा बढी चुनौती सत्तासीन साथीहरूको कुशासनले दिइरहेको छ भन्ने कुरालाई बिर्सन हुँदैन। एकातिर सरकारका गलत क्रियाकलाप र अर्कातिर प्रतिगामी चलखेलविरुद्ध जुध्नुपर्ने विशिष्ट अवस्था सिर्जना भएको छ।'

बाँकी पृष्ठ २

'वायु प्रदूषणमा नेपाल विश्वमै सातौं'

काठमाडौं, फागुन २७ (नागरिक)- विश्वका अत्यधिक वायु प्रदूषण भएका देशको सूचीमा नेपाल सातौं स्थानमा रहेको एक अन्तर्राष्ट्रिय रिपोर्टले देखाएको छ। स्विट्जरल्यान्डमा रहेको संस्था आइक्युएयरले मंगलबार सार्वजनिक गरेको 'बर्ल्ड एयर क्वालिटी रिपोर्ट-२०२४' हावामा रहेका अत्यन्त ससाना कण अर्थात् पिएम २.५ का आधारमा उक्त प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनका अनुसार नेपालमा सन् २०२४ मा पिएम २.५ को वार्षिक सरदर स्तर ४२.८ माइक्रोग्राम प्रतिघनमिटर थियो भने राजधानी काठमाडौंमा पिएम २.५ को सरदर स्तर ४५.१ माइक्रोग्राम प्रतिघनमिटर थियो। विश्व स्वास्थ संगठनले स्वच्छ हावाका लागि पिएम २.५ को वार्षिक सरदर ५ माइक्रोग्राम प्रतिघनमिटर हुनुपर्ने तोकेको छ। संगठनको मापदण्डका आधारमा नेपालको वायु प्रदूषण आठ गुणाभन्दा बढी देखिएको छ।

हेल्थ इफेक्ट्स इन्स्टिच्युट र इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इभ्यालुएसनको सहयोगमा तयार गरिएको उक्त प्रतिवेदनअनुसार हावामा रहेका अत्यन्त ससाना कण अर्थात् पिएम २.५ का हिसाबले अत्यन्त प्रदूषित देशको सूचीमा पहिलो नम्बरमा चाड, दोस्रोमा बाङ्लादेश, तेस्रोमा पाकिस्तान, चौथोमा कंगो र पाचौंमा भारत रहेका छन्। विश्वका एक सय ३८ देशका ४० हजारभन्दा बढी वायु गुणस्तर मापन केन्द्रले उपलब्ध गराएको तथ्यांकका आधारमा यो सूची बनाइएको आइक्युएयरले जनाएको छ।

वायु प्रदूषणका कारण सन् २०२१ मा विश्वका ८१ लाख मानिसको मृत्यु भएको रिपोर्टमा उल्लेख छ। हरेक आठजनाको मृत्युमध्ये एकको कारण वायु प्रदूषणसँग सम्बिन्धित रहेको प्रतिवेदनमा उल्लेख छ। विश्वमा मानिसको मृत्युको सबैभन्दा ठुलो कारक उच्च रक्तचाप रहेको छ भने दोस्रो कारक वायु प्रदूषण रहेको पाइएको छ। 'वायु प्रदूषण मानव स्वास्थ्य र वातावरणीय स्थिरताका लागि ठुलो चुनौती बनेको छ तर यो विषयमा ठुलो जनसंख्यालाई जानकारी छैन,' आइक्युएयरका ग्लोबल प्रमुख कार्यकारी अधिकृत फ्यान्क हम्मेसले एक वक्तव्यमा भनेका छन्।

खारेज...

'सहकारी ऐन, २०७४ मा भएको संशोधनअनुरूप राष्ट्रिय सहकारी प्राधिकरण गठन भएर कार्य प्रारम्भसमेत गरेको सन्दर्भमा सहकारी दर्ता नियमन के, कसरी गर्ने भन्ने विषयमा सबै प्रदेश मन्त्रालयले १५ दिनभित्र सुझाव पठाउने निर्णय गरियो,' बैठकको निर्णयमा उल्लेख छ। बैठकले प्रत्येक सहकारीको व्यवस्थापनलाई सूचना प्रणाली (कोपोमिस) मा राख्ने निर्णय पनि गरेको छ। यस्तो प्रणालीमा सहकारीका सञ्चालक तथा लेखापरीक्षकको विवरण अनिवार्य राख्नुपर्छ। यसका लागि राष्ट्रिय परिचय-पत्रलाई अनिवार्य बनाइएको छ। 'सबै सहकारीलाई अनिवार्य कोपोमिस प्रणालीमा आबद्ध गरिनेछ। उनीहरूलाई डिजिटल रजिस्ट्रेसन नम्बर (सिसिआइएन) उपलब्ध गराइनेछ। सहकारी सञ्चालक समिति, लेखा परिवेक्षण समितिका पदाधिकारी, व्यवस्थापकका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरी कोपोमिसमा प्रविष्ट गरिनेछ,' निर्णयमा लेखिएको छ।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मन्त्री बलराम अधिकारीसहित विषयगत समितिका सचिव गणेश भट्ट, मन्त्रीका प्रमुख स्वकीय सचिव भेषराज पाण्डेय, कानुन तथा फैसला कार्यान्वयन शाखाका अधिकृत गोकुल भुजेल सहभागी थिए।

सहकारीको उद्देश्य र कार्यक्षेत्रलाई व्यवस्थित गर्न विषयगत सहकारीअनुसार नमुना विनियम निर्माण गरी सहकारी विभागले सार्वजनिक गर्ने, विषयगत सहकारी तथा संघहरू गठन, दर्ता तथा सञ्चालनका लागि संघीय मन्त्रालयबाट छुट्टाछुट्टै मापदण्ड तर्जुमा गर्ने, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋण सहकारीको वर्गीकरण गर्दा सेयर पुँजी, कारोबार रकम, सदस्य संख्या र कार्यक्षेत्रसमेतका आधारमा गर्ने व्यवस्था मिलाउन कानुनी व्यवस्था मिलाउने, राष्ट्रिय तथ्यांक व्यवस्थापन गर्न प्रत्येक प्रदेशमा प्रदेश सचिव/रजिष्ट्रारको संयोजकत्वमा प्रत्येक जिल्लाबाट एक स्थानीय तहको प्रतिनिधित्व रहनेगरी प्रादेशिक तथ्यांक संकलन, विश्लेषण वर्गीकरण र अद्यावधिक गर्नेगरी समिति गठन गर्ने र सो समितिले वर्षको दुइपटक बैठक गरी प्रतिवेदन सहकारी विभागमार्फत संघीय मन्त्रालयमा पेस गर्ने, निर्णय पनि बैठकले गरेको छ।

त्यस्तै स्थानीय तहले प्रदेश सरकार रजिष्ट्रारको कार्यालयमा र प्रदेश सरकारले सहकारी विभागमार्फत संघीय मन्त्रालयमा प्रतिवेदन बुझाउने, निष्कृय सहकारी संस्थाको यकिन गरी विघटन तथा खारेजी प्रक्रियामा लैजाने र खारेजीमा जाने संस्थालाई कारोबारमा रोक लगाई अभिलेख राखी सार्वजनिक गर्ने, प्राधिकरणको अनुगमन र नियमनबाट खारेज गर्नुपर्ने देखिएमा सम्बन्धित रजिष्टारसमक्ष लेखी पठाउने, स्थानीय तह, प्रदेश तह र संघीय सरकारको कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाको एकीकृत तथ्यांक तयार गरी भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई उपलब्ध गराउने निर्णय पनि बैठकले गरेको छ।

समयमै भूउपयोग क्षेत्र वर्गीकरण गर्न परिपत्र गरिने

बैठकले गरिबी निवारणसम्बन्धी विषयमा पनि विभिन्न निर्णय गरेको छ। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा गरिबी निवारणसम्बन्धी एकीकृत लगत अद्यावधिक गर्न संघीय मन्त्रालयले नीतिगत निर्णय गर्ने, गरिब घर परिवार परिचयपत्रलाई समेत आधार मानी गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम तय गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालययमार्फत स्थानीय तहलाई अनुरोध गर्ने, राज्यसुविधा परिचयपत्र वितरण कार्यमा प्रदेश मन्त्रालयले स्थानीय तहमा सहजीकरण गरी सहयोग गर्ने निर्णय गरिएको छ।

यसैगरी भूउपयोग नीति तथा भूउपयोग परिषद्, भूउपयोग परिवर्तन व्यवस्थापनसम्बन्धी विषयमा भूउपयोग क्षेत्र वर्गीकरण गर्न सबै स्थानीय तहमा परिपत्र गर्ने निर्णय पनि भएको छ। संघीय भूउपयोग नीति, २०७२ र भूउपयोग ऐन, २०७६ समेतलाई आधार मानी प्रदेश भूउपयोग नीति तथा प्रदेशस्तरीय भूउपयोग योजना कार्य अगाडि बढाउने, प्रदेश भूउपयोग परिषद् मा विज्ञ सदस्य तोक्न बाँकी भए तोकी प्रदेश भूउपयोग परिषद्लाई पूर्णता दिने, भूउपयोग नीति, २०७२ संशोधनका क्रममा रहेकाले आवश्यक सुझाव १५ दिनभित्र सम्बन्धित प्रदेश मन्त्रालयबाट संघमा पठाउने निर्णय बैठकबाट भएको छ। यस्तै भूउपयोग (दोस्रो संशोधन) नियमावली, २०७९ मा तोकिएको अवधिभित्र भूउपयोग क्षेत्र वर्गीकरण सम्पन्न गर्न सबै स्थानीय तहलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अनुरोध गर्ने, उक्त कार्य समयमै सक्न सहयोग र समन्वय गर्ने, भूउपयोग (दोस्रो संशोधन) नियमावली, २०७९ मा भएको 'भूउपयोग क्षेत्र वर्गीकरण भई प्रत्येक कित्ताको कित्तागत विवरण तयार गर्ने क्रममा भूउपयोग क्षेत्र वर्गीकरणभन्दा फरक हुन गई त्रुटि भएमा संशोधनका लागि स्थानीय तहको सिफारिससहित लेखी आएमा सोही बमोजिम संशोधन गरी कित्ताकाट गर्नुपर्नेछ (नियम १२ (४) (घ)' को व्यवस्थामा द्विविधा भई सेवा प्रवाहमा असहजता भएकाले संघीय मन्त्रालयले स्पष्ट हुनेगरी मातहतका कार्यालयमा पत्राचार गर्ने निर्णय पनि बैठकले गरेको छ।

रियल स्टेट कारोबार र सहकारी नियमनमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभाग र सहकारी विभागले प्रदेश र स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय पनि गरिएको छ।

जग्गा प्रशासन सेवालाई स्थानीयकरण गर्ने

जग्गा प्रशासन सेवा कार्यलाई स्थानीयकरण गर्न प्राविधिक समितिमार्फत मन्त्रालयमा कार्य भइरहेकाले सो समितिको प्रतिवेदन प्राप्त भएपछि तीनवटै तहबीच प्रतिवेदनमा भएका विषयवस्तुमा छलफल गरी नीतिगत निर्णय गर्ने, सो सम्बन्धमा एकरूपता कायम गर्न संघीय मन्त्रालयले मापदण्ड तयार गरी कानुन संशोधनको प्रक्रिया अगाडि बढाउने र प्रदेश मन्त्रालयले एक महिनाभित्र लिखित सुझाव संघीय मन्त्रालयलाई उपलब्ध गराउने निर्णय बैठकले गरेको छ।

यसैगरी प्रदेश मन्त्रालयले पुनः नापी कार्य गर्नुपर्ने स्थानीय तहको छनोट गरी संघीय मन्त्रालयमा सिफारिस गर्ने, जग्गा प्रशासन सेवा भूसेवा केन्द्रमार्फत पालिका स्तरबाट दिनेगरी स्थानीय तहमा सो प्रणालीको विकास गर्न प्रत्येक प्रदेशले तीनवटा स्थानीय तहमा 'पाइलोटिङ' गर्ने निर्णय गरिएको छ।

भूमि समस्या समाधान आयोगको कार्यसम्पादनमा सहजीकरण गर्न भूमि व्यवस्था हेर्ने प्रदेशमन्त्रीको संयोजकत्वमा अनुगमन समिति गठन गर्ने निर्णय भएको छ। समितिमा प्रदेश भूमिसम्बन्धी मन्त्रालयका सचिव, भूमि समस्या समाधान आयोगले तोकेका सदस्य, भूमि व्यवस्था मन्त्रालयमा भूमि महाशाखा प्रमुखलगायत रहने छन्।

मनाङ, मुस्ताङलगायतका पहाडी तथा हिमाली जिल्लामा फलफूल खेतीका लागि उपयुक्त कृषि जग्गा नापनक्सा हुन नसकेको तथा ठुलो क्षेत्रफल नदी/खोला उकास जग्गा अतिक्रमणमा परेको सन्दर्भमा त्यस्ता जग्गा संरक्षण र व्यवस्थापन गर्न आवश्यक कानुन निर्माणका लागि संघीय मन्त्रालयले पहल गर्ने निर्णय पनि भएको छ।

राजावादी...

उनले वर्तमान दुई तिहाइको सरकार नै संघीय लोकतान्त्रिक गणतन्त्रका लागि घातक हुने त होइन भन्ने प्रश्न जनताको मनमा जन्मिसकेको बताए। प्रतिपक्षी दल र जनताको रचनात्मक खबरदारीलाई सरकारले दुई तिहाइको अहंकारमा कुनै भाउ नदिएकै कारण आज जनता सडकमा ओर्लिने अवस्था आएको उनले बताए। 'तपाईंहरूलाई लागेको होला, हामीसँग दुई तिहाइ छ, कसले के गर्न सक्छ? सर्वप्रथम त तपाईंहरूले लोकतन्त्रको लक्ष्मण रेखा नाघ्ने गर्नुभएको छ। यो सरकारको जन्म नै लोकतन्त्रविरुद्ध भयो, संविधानविरुद्ध भयो भन्ने मेरो गम्भीर भनाइ छ। पहिलो र दोस्रो पार्टी मिल्ने कुरा नै लोकतन्त्रको मूल मर्मविपरीत छ', उनले भने।

प्रतिपक्षी दलका नेताले सदनमा सम्बोधन गर्दा प्रधानमन्त्री अनुपस्थित हुने, हिरासतमा नरहेको व्यक्तिलाई सदनमा आउन नदिने र बिचौलियालाई खुसी पार्न सरकारले अध्यादेश ल्याउने जस्ता कार्यले पनि लोकतन्त्र कमजोर बन्दै गएको उनले बताए। 'भुटानी शरणार्थी प्रकरण, गिरिबन्धु टी स्टेट प्रकरण, टियुको जग्गा छानबिनलाई चोख्याएर गंगा नदीमा बगाउनुभयो', सरकारप्रति लक्षित गर्दै उनले भने, 'यसले लोकतन्त्र फोहोर बनायो।' उनले वर्तमान सरकारकै कारण मिटर ब्याजपीडितले कार्यालयभित्रै आत्महत्या प्रयास गरेको, गुठीपीडित सयौं किलोमिटर छिचोलेर पीडा सुनाउन काठमाडौं आउनुपरेको, लघुवित्तपीडितको समस्या बल्झिएको, सहकारीपीडित थप पीडित भएको, सामुदायिक विद्यालयका शिक्षक चक र डस्टर छाडेर राजधानी केन्द्रित आन्दोलनमा उत्रिनुपरेको बताए। 'दुग्ध उत्पादक किसान हुन् या तरकारी उत्पादक, निर्माण व्यवसायी हुन् या उखु किसान, दलित हुन् या महिला सबैलाई आन्दोलनमै देख्छु। हामीले स्थिति जटिल छ भन्ने महसुस गरेका छौं,' दाहालले भने।

दाहालले सरकारको घोडा बिचौलियाले चलाएको बताए। उनले भने, 'तपाईं (सरकार) ले चलाएको देखिँदैन। पहिला एउटै नियुक्ति भनी दिनुहोस् बिचौलिया छैन भनेर। त्यसैले भ भन्छु सत्ताको ड्राइभिङ सिटमै बिचौलिया छन्।' उनले सरकारका गलत क्रियाकलापबाट जनतामा नैराश्य ज्यामितीय रूपमा बढेको छ बताउँदै सरकार पक्षलाई भने, 'जसले लोकतन्त्रवादी नै लोकतन्त्रको विपक्षमा जाने देखिन्छ। राजावादीको जुलुस बढाउनमा विदेशी षड्यन्त्र होला, म त्यसलाई पहिलो ठान्दिनँ, त्यहाँ उत्रिएको त नेपाली हो, त्यो पहिला ठान्छु। जनताको आक्रोशलाई बुझ्न खोज्नुहोस्। अहंकार, घमन्ड नदेखाउनुहोस्।' उनले अगाडि भने, 'गिरिजाप्रसाद कोइरालाले मेरो हात समाएर लोकतन्त्रको जिम्मा तपाईंको हातमा भनेको देख्ने साथी यही संसद् मा छन्। तर दुई तिहाइको अहंकारले अहिले जनमतलाई सडकमा पुऱ्याउने काम भएको छ, यसलाई मनन गर्न आग्रह गर्छु।'

दाहालले अहिले जनताको बलिदानीबाट प्राप्त उलब्धिमाथि प्रतिगमन र प्रतिक्रान्तिको तरबार चलाउने सपना देख्न थालिएको भन्दै विभिन्न कालखण्डमा भएका गौरवपूर्ण बलिदानलाई सबैले अझै विवेक र कृतज्ञताका साथ स्मरण गर्नुपर्ने समय आएको पनि बताए।

दाहालले पूर्वराजालाई नेपालमै बस्न दिइनु मौलिक र उदार गणतन्त्रको प्रमाण भएको बताए। उनले भने, 'पूर्वराजालाई सुरक्षित बस्ने ठाउँसमेत दिएर नेपालमा गणतन्त्रको इतिहास लेखिएको छ। यो हाम्रो उदारताको प्रमाण हो।' तर यसलाई क्रान्तिको कमजोरी थियो भन्ने कसैलाई लाग्यो भने त्यो निकै ठुलो भ्रम हुने दाहालले बताए। 'उदारतालाई कमजोरी ठानियो भने इतिहास फेरि निकै निर्मम भएर प्रस्तुत हुन सक्छ भन्ने सबैले हेक्का राख्न जरुरी छ,' उनले भने।

गणतन्त्रका लागि जनताको रगत बगेको कुरा बिर्सन नसकिने दाहालले बताए। उनले गणतन्त्र माओवादीले उठाएको बन्दुकका कारण मात्र नभई सीमान्त वर्ग, जाति, क्षेत्र समग्रको त्याग र बलिदानको परिणाम रहेको बताए। 'सार्वभौम भइसकेका जनता फेरि रैती हुन्छन् भन्ने सोचियो भने त्योभन्दा ठूलो भ्रम अरू केही हुन सक्दैन,' उनले भने।

राजावादीहरूलाई आग्रह गर्दै उनले भने, 'लोकतन्त्रभित्रै आफ्नो अस्तित्व खोज्नुस्, हामीलाई आपत्ति छैन तर लोकतन्त्रका मूलभूत सिद्धान्त नमानेर असंवैधानिक र अलोकतान्त्रिक बाटो रोजियो भने क्रान्तिले एक पटक फेरि आफ्नो शक्ति देखाउनेछ, त्यो बुझिराखौं, यो चुनौती पनि राख्न चाहन्छु।'

राजावादीहरूको गतिविधि बढेपछि माओवादी केन्द्रको हुलाकी राजमार्ग केन्द्रित तराई-मधेस जागरण अभियान रोकेर काठमाडौं फर्किएको केही दिनमै दाहालले संसद्मा सम्बोधन गरेका हुन्। राजावादीले आइतबार काठमाडौंमा राजाको पक्षमा जुलुस निकालेका थिए। उनीहरूले पोखराबाट त्रिभुवन विमानस्थलमा उत्रिका पूर्वराजा ज्ञानेन्द्र शाहलाई स्वागत गर्दै निर्मल निवास पुऱ्याएका थिए।

प्रतिनिधिसभा बैठकमा नेपाली कांग्रेसका महामन्त्री एवं सांसद गगनकुमार थापाले संसद्मा संविधान मान्ने, मान्न नचाहने र पानी धमिलो पार्न चाहने दलहरू रहेको बताए। उनले जनताको आक्रोशलाई बेवास्ता गर्न नमिल्ने भन्दै असन्तुष्ट पक्षसँग संवाद गर्नुपर्ने औंल्याए। सडकमा देखिएको जनआक्रोशलाई केही होइन भन्ने कसैले पनि ठान्न नहुने उनको भनाइ थियो। वर्तमान सरकार गठन भएपछि मात्र जनता आक्रोशित भएको प्रतिपक्षीको आरोपको खण्डन गर्दै उनले यसका लागि माओवादी केन्द्र पनि जिम्मेवार भएको बताए। उनले माओवादी पनि पटकपटक सरकारमा गएको स्मरण गराए।

उनले मुलुकमा २०७२ सालपछि ५७ वटा अध्यादेश आएको र अधिकांशमा माओवादीको समर्थन रहेको बताए। उनले दाहाल नेतृत्वकै सरकारले ल्याएको बजेट नै अहिले कार्यान्वयनमा रहेको बताए। उनले माओवादीलाई संविधानको प्रभावकारी कार्यान्वयनमा छलफल गर्न आग्रह गर्दै भने, 'प्रश्न गरौं, घृणा फैलाउने काम नगरौं, नत्र यसले सबैलाई लिएर जानेछ। उनले राजावादी राप्रपालाई षड्यन्त्र नगर्न आग्रह गर्दै भने, 'संसद् भित्र आफ्ना कुरा राख्न पाइने तर लोकतन्त्रमाथि षड्यन्त्र गर्न पाइँदैन।'

एमाले सांसद गोकर्ण विष्टले पूर्वप्रधानमन्त्री दाहालका अभिव्यक्तिप्रति लक्षित गर्दै भने, 'आफैं यात्रा गरेको डुंगामा प्वाल पार्नुभयो भने सबै डुबिन्छ भन्ने कुराको हेक्का राख्नु पर्छ।' उनले लोकतन्त्र चाहने शक्तिका लागि राजतन्त्र फर्काउने कुरा कदापि स्वीकार्य हुन नसक्ने बताए। उनले अब राजतन्त्र मूलधारको राजनीति हुन नसक्ने पनि बताए।

राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले पूर्वराजाका नामबाट संसद् तरंगित हुनु खुसीको कुरा भएको बताए। उनले भने, 'आइतबार पूर्वराजाको स्वागत मात्र थियो, आन्दोलन त बाँकी नै छ।'

नेकपा एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले राजावादीको जुलुसमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको फोटो राखिएको प्लेकार्ड बोक्नु गम्भीर आपत्तिको विषय भएको बताए।

तोसिमाको...

आयोगले मेडिकल काउन्सिलको भत्ता लिनुलाई पनि आर्थिक लाभ लिएको भन्दै उम्मेदवारी रद्द गरिदिएको थियो। तर अदालतले उनी काउन्सिलमा आबद्ध नदेखिएको स्पष्ट पारेको थियो। 'कुनै काउन्सिल वा संगठित संस्थाको बैठकमा भाग लिँदा पाउने बैठक भत्ता वा भ्रमण भत्ता, सवारी खर्चजस्ता आर्थिक लाभ नियमित प्रकृतिका नहुने देखिन आउँछ', सर्वोच्चले तत्काल जारी गरेको आदेशमा भनिएको थियो। अन्तरिम आदेश जारी गर्दा महेन्द्रबहादुर पाण्डेविरुद्ध निर्वाचन आयोग भएको २०५० सालको मुद्दामा जारी आदेशको नजिर सर्वोच्च अदालतले उल्लेख गरेको थियो। 'संविधानले किटानीसाथ कुनै पनि व्यक्तिलाई कुनै कुराका लागि योग्य वा समर्थ घोषित गरेको छ भने त्यस्ता व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै किसिमबाट होस् कानुनले अयोग्य घोषित गर्न नमिल्ने' व्याख्या सर्वोच्चले गरेको थियो।

कार्कीले नेपाल मेडिकल काउन्सिलको निर्वाचत सदस्य पदमा रहँदा नियमित पारिश्रमिक वा नियमित आर्थिक लाभ लिएको मान्न नमिल्ने देखिएको, निजले प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी प्रयोजनार्थ त्यो लाभको पद हो, होइन भनी मौकामा निर्वाचन आयोगसमक्ष निवेदन दिँदा कुनै जवाफ नदिएको भन्ने पनि अदालतले उल्लेख गरेको थियो।

रोड्रिगो...

हङकङमा आयोजित एउटा कार्यक्रममा सहभागी भएर स्वदेश फर्कने क्रममा ७९ वर्षीय दुतेर्तेलाई मनिला विमानस्थलबाटै हिरासतमा लिइएको अन्तर्राष्ट्रिय समाचार माध्यमले जनाएका छन्।

दुतेर्ते सन् २०१६ देखि २०२२ सम्म फिलिपिन्सको राष्ट्रपति थिए। लागुपदार्थ विरोधी अभियानका नाममा हजारौं व्यक्तिको सरकारी सुरक्षाकर्मीले गैरकानुनी हत्या गरेको अभियोगमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले उनलाई पक्राउ पुर्जी जारी गरेको थियो। प्रहरीको तथ्यांक अनुसार लागुपदार्थ विरोधी अभियानका नाममा उनको कार्यकालमा ६ हजारभन्दा बढी मानिसको हत्या गरिएको थियो। मानव अधिकारवादीले भने त्यस अभियानका क्रममा ३० हजारभन्दा बढी मानिसको गैरकानुनी हत्या गरिएको आकलन गरेका छन्। यी हत्याका लागि जिम्मेवार मानिएका केही व्यक्तिमाथि मात्र कारबाही चलाइएको थियो।

दुतेर्तेले आफ्नो पक्राउको आधार मागेका छन्। 'कुन कानुन र अपराधमा मलाई गिरफ्तार गरिएको हो? उनले छोरी भेरोनिका किटी दुतेर्तेले अनलाइनमा राखेको एक भिडियोमा भनेका छन्।

यसैबीच फिलिपिन्सका राष्ट्रपति फर्निनान्ड मार्कोस जुनियरले दुतेर्तेलाई अदालतमा बुझाउने संकेत गरेका छन्। राष्ट्रपति कार्यालयका सचार उपसचिव क्ल्याएर काष्ट्रोलले इन्टरपोलको अनुरोधमा उनलाई पक्राउ गरिएको र कानुनले निर्देशित गरे फिलिपिन्स सरकार सहयोग गर्न तयार रहेको समाचार सस्था रोयर्टसलाई बताएकी छिन्। दुतेर्ततलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा बुझाइयो भने उक्त अदालतमा जाने उनी एसियाको पहिलो राष्ट्रप्रमुख बन्नेछन्।

पृष्ठ १ बाट

प्रभु बैक लिमिटेड शाखा कार्यालय नेपालगंज, बाँकेका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/११/२८ गते बुधबारको नागरिक राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत भुक्तानी सम्बन्धि शर्त कबुलियत उलघंन गर्नु भएकोले निज ऋणीलाई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **नेपालगंज, बाँके** मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०१/१० गते बुधवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा **कार्यालय नेपालगंज, बाँके** मा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरण :

१	**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/१२/२५ गते दर्ता नं. ७२०४२/०६६/०६७ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज बाँकेबाट मिति २०६६/१२/२९ (मु.अ.कर. दर्ता मिति २०६७/०३/१५) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०४१५५०७५ को प्रमाणपत्र प्राप्त **म्याक्सवेल प्रिन्टस् प्रा.लि.**। रजिष्ट्रर्ड ठेगाना : बाँके जिल्ला नेपालगंज उ.प.म.न.पा. वडा नं. १, बाँके।	**संचालक तथा जमानतकर्ता : मुकुट ढकाल** (ना.प्र.नं. २८५३, जारी मिति २०४०/०७/०७, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। स्थायी ठेगाना : सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १ (साविक डाँडीगुराँसे गा.वि.स. वडा नं. ३)। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १। बाबु : मुकुन्द ढकाल। बाजे : टिका प्रसाद ढकाल।
	जमानतकर्ता : मिना सुवेदी (ना.प्र.नं. ६८९९, जारी मिति २०४४/०२/२२ जि.प्र.का. मकवानपुर)। स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं २। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १। बाबु : हरी प्रसाद सुवेदी। पति : मुकुट ढकाल। ससुरा : मुकुन्द ढकाल।	**जमानतकर्ता : उम्मिद ढकाल** (ना.प्र.नं. ४८०४३, जारी मिति २०६६/०५/०८ जि.प्र.का. चितवन)। स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर वडा नं. ५। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा वडा नं. ०१। बाबु : मुकुट ढकाल। बाजे : मुकुन्द ढकाल।
२	**ऋणी :** नेपाल सरकार, उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय, बाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, बाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगँज, बाँकेमा प्राइभेट फर्म रजिष्ट्रसन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१६ गते प्रा.फ.र.नं. २९१२७/०७५/०७६ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज, बाँकेबाट मिति २०६३/०४/०३ (मु.अ.कर. दर्ता मिति २०७५/०८/०२) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२३२६३६५ को प्रमाणपत्र प्राप्त **म्याक्सवेल बुक्स एण्ड स्टेशनरी। रजिष्टर्ड ठेगाना :** बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १, बाँके।	**प्रोप्राईटर तथा जमानतकर्ता : मुकुट ढकाल** (ना.प्र.नं. २८५३, जारी मिति २०४०/०७/०७, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। स्थायी ठेगाना : सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १ (साविक डाँडीगुराँसे गा.वि.स. वडा नं. ३)। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १। बाबु : मुकुन्द ढकाल। बाजे : टिका प्रसाद ढकाल।
	जमानतकर्ता : मिना सुवेदी (ना.प्र.नं. ६८९९, जारी मिति २०४४/०२/२२ जि.प्र.का. मकवानपुर)। स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं २। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १। बाबु : हरी प्रसाद सुवेदी। पति : मुकुट ढकाल। ससुरा : मुकुन्द ढकाल।	**जमानतकर्ता : उम्मिद ढकाल** (ना.प्र.नं. ४८०४३, जारी मिति २०६६/०५/०८ जि.प्र.का. चितवन)। स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर वडा नं. ५। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा वडा नं. ०१। बाबु : मुकुट ढकाल। बाजे : मुकुन्द ढकाल।
३.	**ऋणी : मुकुट ढकाल** (ना.प्र.नं. २८५३, जारी मिति २०४०/०७/०७, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। स्थायी ठेगाना : सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १ (साविक डाँडीगुराँसे गा.वि.स. वडा नं. ३)। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १। बाबु : मुकुन्द ढकाल। बाजे : टिका प्रसाद ढकाल।	**जमानतकर्ता : मिना सुवेदी** (ना.प्र.नं. ६८९९, जारी मिति २०४४/०२/२२ जि.प्र.का. मकवानपुर)। स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं २। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा. वडा नं. १। बाबु : हरी प्रसाद सुवेदी। पति : मुकुट ढकाल। ससुरा : मुकुन्द ढकाल।
	जमानतकर्ता : उम्मिद ढकाल (ना.प्र.नं. ४८०४३, जारी मिति २०६६/०५/०८ जि.प्र.का. चितवन)। स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर वडा नं. ५। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा वडा नं. ०१। बाबु : मुकुट ढकाल। बाजे : मुकुन्द ढकाल।	**जमानतकर्ता : उर्जा ढकाल** (ना.प्र.नं. ३५१०२५/८५७४, जारी मिति २०७०/०२/१४ जि.प्र.का. चितवन)। स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर वडा नं. ५। हालको ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.प.म.न.पा वडा नं. ०१। बाबु : मुकुट ढकाल। बाजे : मुकुन्द ढकाल।

लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :

१. मुकुट ढकालको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेष्ठा कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १ नक्सा ०३५१४१००८ कित्ता नं. ७९ क्षेत्रफल ५८१.५० ब

२५० कलेजमा उम्मेदवारी दर्ता, विवादका कारण दर्जन बढी कलेजमा अवरुद्ध

रूबी रौनियार
काठमाडौं, फागुन २७

त्रिभुवन विश्वविद्यालयअन्तर्गत आंगिक र सम्बन्धन प्राप्त कलेजहरूको चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्वियु) को निर्वाचनका लागि मंगलबार मनोनयन दर्ता भएको छ। काठमाडौं उपत्यकाका प्रमुख केही कलेजमा विद्यार्थी संगठनहरूबिच विवाद हुँदा मनोनयन दर्ता हुन नसके पनि साढे दुई सय बढीमा उम्मेदवारी दर्ता भएको छ।

विद्यार्थी संगठनहरूबिच विवाद हुँदा काठमाडौंको थापाथली कलेजमा उम्मेदवारी दर्ता हुन नसकेन। उम्मेदवारी दर्ता गराउने समयमा विद्यार्थीका संघसंगठनले विभिन्न बखेडा खडा गरी अवरुद्ध गरिदिए। केन्द्रीय कार्यतालिकाअनुसार बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारी दर्ता गराउने समय रहे पनि क्याम्पस निर्वाचन समितिले आफूअनुकूल समय तोक्ने अधिकार केन्द्रीय निर्वाचन समितिले दिए पनि २ बजेपछि समय सकिएको भन्दै माओवादी केन्द्रनिकट

स्वियु निर्वाचन

क्रान्तिकारी विद्यार्थी संगठनले अरू संगठनलाई उम्मेदवारी दर्ता गर्न नदिएपछि कलेजमा तोडफोड र तालाबन्दी भएको थियो।

यति मात्र होइन, शंकरदेव कलेजमा विभिन्न विद्यार्थी संगठनहरूले आ-आफ्ना उम्मेदवारको नाम टुंगो लगाउन सम्बन्धित दलका नेताहरूले टिकट नदिएका कारण यस कलेजमा पनि विद्यार्थीको तालाबन्दी भयो र निर्वाचन प्रक्रिया अवरुद्ध भयो। यस कलेजमा माधवकुमार निकट समाजवादी विद्यार्थी संगठनले तालाबन्दी गरेका छन्।

नेपाल ल क्याम्पसमा मतदाता नामावलीमा दाबीविरोधको समय एक घन्टा अपुग भएको भन्दै एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुले तालाबन्दी गऱ्यो। विश्वविद्यालय तथा कलेजमा स्ववियुको निर्वाचन हुनु भनेको निर्वाचित स्ववियुले विश्वविद्यालय तथा कलेजमा उच्च शिक्षा हासिल गर्न भर्ना भएका विद्यार्थीको शैक्षिक तथा प्राज्ञिक हकहितका लागि काम गर्ने हो। यसका लागि कलेज तथा विश्वविद्यालय र विद्यार्थीबीच उत्पन्न हुने समस्याको समाधन गर्न सहजकर्ताको भूमिका खेल्ने हो।

तर मंगलबार देखिएको उम्मेदवारी दर्ताले विश्वविद्यालय तथा कलेजहरूमा दलीय भागबन्डामा नियुक्ति भएका पदाधिकारीहरूले आफ्नो स्वार्थका लागि भूमिका खेलेको र विद्यार्थीका नेताहरू पनि विद्यार्थीको हितभन्दा पनि विश्वविद्यालय र कलेजमा राजनीति पकड मजबुत गर्ने खेल खेलेको स्पष्ट भएको छ। किनभने जुन विद्यार्थीको जहाँ पकड छ, त्यो संगठन निर्वाचन गराउने पक्षमा देखियो आफ्नो दल र गुटको पकड नभएको देखिना साथ निर्वाचन अवरुद्ध गरिदिने विकृति देखियो।

काठमाडौंको शंकरदेव, पब्लिक युथ कलेज, नेपाल ल क्याम्पस, सरस्वती कलेज, विश्वभाषा कलेज, थापाथली कलेज, आयुर्वेद कलेज, जनकपुरको रारा बहुमुखी क्याम्पस, सिराहा क्याम्पस सिराहा, बुटवल बहुमुखी कलेज बुटवल, भैरवा क्याम्पस भैरवालगायत ११ आंगिक कलेजहरूमा निर्वाचन प्रक्रिया अवरुद्ध बनेको छ। अन्य आंगिक कलेज र सम्बन्धन प्राप्त गरी २५० बढी कलेजमा निर्वाचन प्रक्रिया अघि बढेको छ।

कलेज प्रमुख दलीय भागबन्डामा नियुक्ति भएकाले कुन दलनिकट विद्यार्थी संगठन आफ्नो अनुकूल छ, त्यसलाई साथ दिने र पकड नभएको दलनिकट विद्यार्थी संगठनलाई साथ नदिएकाले कारण पनि कतिपय कलेजमा निर्वाचन प्रक्रिया अवरुद्ध भएको छ।

अनेरास्ववियुका अध्यक्ष समिक बडालका अनुसार यस पटकको स्ववियु निर्वाचनमा त्रिवि प्रशासनको कमजोर समन्वय र गृह प्रशासनको कमजोर सुरक्षाले कलेजहरूमा स्ववियु निर्वाचन अवरुद्ध हुन एगको हो।

तातोपानीमा स्नानका लागि नयाँ पोखरी

म्याग्दी, फागुन २७ (रासस)- बेनी नगरपालिका-४ मा रहेको सिङ्गा तातोपानी कुण्डमा नयाँ पोखरी निर्माण र सञ्चालन गरी स्नानस्थलको क्षमता विस्तार गरिएको छ। तातोपानी कुण्ड व्यवस्थापन समितिले उपल्लो तातोपानी बजारको नजिकै सार्वजनिक जग्गामा नयाँ पोखरी निर्माण गरेर स्नानस्थलको क्षमता बढाएको हो। समितिका सचिव अमरबहादुर केसीले तातोपानी स्नान गरेर उपचारमा आउनेहरूको चाप बढेपछि निर्माण गरिएको पोखरी परीक्षणका लागि सञ्चालनमा ल्याइएको जानकारी दिए।

'म्याग्दी नदीकिनारमा रहेको मुहानबाट तातोपानीलाई पम्पिङ गरेर स्नानका लागि पानी सङ्कलन गर्न निर्माण भएको नयाँ पोखरी सञ्चालनमा ल्याइएको छ,' उनले भने, 'कुण्डमा स्नानका लागि आउनेहरूले तिर्ने प्रवेश शुल्कले निर्माण सामग्री खरिद, मजदुरको ज्याला व्यवस्थापन र श्रमदान जुटाएर नयाँ स्नानस्थल बनाएका हौं।'

यस्तै १५/१५ फिट लम्बाइ चौडाइ र दुई दशमलव पाँच फिट उचाइ भएको पोखरीमा एक पटकमा ८० जनाले स्नान गर्नसक्ने क्षमता रहेको सचिव केसीले बताए। हालको तातोपानी स्नानस्थलभन्दा केही माथि म्याग्दी नदीको किनारमा बिरेनुनको गन्धमा ५० डिग्री सेल्सियस तातोपानी निस्कने मुहान छ।

उक्त मुहानको पानीलाई विद्युतीय उपकरणको सहायताले पोखरीमा पुऱ्याउने संरचना निर्माण भएको छ। स्नानस्थल नजिकै सार्वजनिक शौचालय बनाइएको छ। ढल व्यवस्थापनका लागि नाली निर्माण गर्न बाँकी छ। सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काका अनुसार तातोपानीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको समस्या निको हुने गरेको छ।

फैसला...

'अदालतबाट जारी कतिपय निर्णय, निर्देशनात्मक आदेश र फैसला वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन्', सर्वोच्चले भनेको छ, 'फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन रणनीतिक योजनामार्फत विभिन्न रणनीतिहरू अवलम्बन हुँदै आएको भए पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेकाले विशेष अभियानलगायतका रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ।'

सर्वोच्चबाट सार्वजनिक सरोकारका निवेदनमा जारी भएका आदेश कार्यान्वयनको संख्या हेर्दा १८० मध्ये जम्मा ५ थान मात्रै कार्यान्वयन भएको देखिन्छ।

दण्ड जरिवाना असुलीका लागि सरोकारवालासँग आवश्यक समन्वय गरिएको प्रतिवेदनमा उल्लेख छ। फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन जिल्ला अदालतमा न्यायिक प्रहरीको व्यवस्था हुन नसकेको सरकारलाई जानकारी गराइएको प्रतिवेदनमा उल्लेख छ। दण्ड, जरिवाना लागेका व्यक्तिलाई सरकारी सेवा प्रवाहमा बन्देज लगाउन लगतको विवरण सेवा प्रवाह गर्ने निकायमा पठाए पनि त्यसअनुरूप हुन नसकेको प्रतिवेदनमा उल्लेख छ।

'राज्यबाट सेवासुविधा प्रदान गर्दा लागेको दण्ड जरिवाना असुल गर्ने नीति लिन सकिएको छैन,' सर्वोच्चले भनेको छ, 'कैद तथा जरिवाना असुलीबापतको प्रोत्साहन रकम तत्काल उपलब्ध गराउने व्यवस्थाका लागि छुट्टै शीर्षकमा रकम निकासा गरिएको भए पनि बजेट अपुग भएको तथा अर्थ मन्त्रालयबाट थप रकम निकासा नभएका कारण वितरण गर्न सकिएको छैन।'

फैसला कार्यान्वयन अदालतको मात्र प्रयासले सम्भव नहुने भएकाले यसलाई क्रमिक रूपमा राज्यको कार्यकारी निकायबाट सम्पादन हुनेगरी व्यवस्थापन गर्न सर्वोच्चले सुझाएको छ। अदालतका तहसिल शाखालाई फैसला कार्यान्वयन निर्देशनालय मातहत रहनेगरी संगठन तथा व्यवस्था गर्न प्रतिवेदनमार्फत सुझाव दिइएको छ।

एक लाख ६२ हजार मुद्दा छिन्न बाँकी

सर्वोच्चलगायत देशभरका अदालतमा १ लाख ६२ हजार मुद्दा छिन्न बाँकी छन्। सर्वोच्च अदालतमा हाल २५ हजार सात सय २८ वटा मुद्दा छिन्न बाँकी छन्। उच्च अदालतहरूमा २५ हजार दुई सय २५ थान मुद्दा छिन्न बाँकी छन्। सबैभन्दा धेरै मुद्दा जिल्ला अदालतमा छिन्न बाँकी छन्। देशभरका जिल्ला अदालतमा एक लाख १० हजार २६ थान मुद्दा छिन्न बाँकी छन्। अघिल्ला वर्षको तुलनामा आव २०८०/८१ मा मुद्दा फछ्र्यौटको संख्या बढेको छ। यसले गर्दा अदालतमा मुद्दाको संख्या थोरै घटेको छ।

न्यायपालिकाले सञ्चालन गरेका सुधारका कार्यक्रम र आमअपेक्षा सन्दर्भमा अनुभूत गरिएका समस्या, चुनौती न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन नसक्ने प्रतिवेदनमा भनिएको छ। सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै यो सम्भव हुने प्रतिवेदनमा उल्लेख छ।

न्यायपूर्ण समाज निर्माण गर्नु राज्यको प्रमुख दायित्व भएकाले न्याय प्रणालीको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकांकी रूपमा हेर्न नहुने प्रतिवेदनले प्रष्ट पारेको छ। आवश्यक स्रोत साधन उपलब्धता, अदालतमा बढ्दो कामचाप व्यवस्थापन, फैसला कार्यान्वयनलगायतलाई पाँचौं पञ्चवर्षीय रणनीतिक योजनामा पनि समेटिएको छ।

दुवै...

उनीहरूले गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय र स्टाफ कलेजलाई विपक्षी बनाएर रिट दायर गरेका छन्।

पुलिस लिडरसिप एन्ड स्टाफ कोर्समा सहभागी हुन अन्तिम सूचीमा एक सय ३१ जना छनोट भएका थिए। पुलिस लिडरसिप एन्ड स्टाफ कोर्सअन्तर्गत एमपिएस र पिएलसी कार्यक्रमका लागि पाठ्यक्रम स्वीकृत भइसकेको छ। स्टाफ कलेज २०७० सालमा भर्ना भएका इन्स्पेक्टर र सोही समूहबाट डिएसपीमा बढुवा भएकाहरूबाट लागु गर्ने निर्णय गरिएको छ। उनीहरू १५८औं समूहका अधिकृत हुन्।

रिट निवेदक डिएसपीहरू प्रकाश जबेगु, दीपक पातली, टेकबहादुर रावत, जीवन निरौला, योगराज खतिवडा, वेदबहादुर पौडेल, रमेशकुमार श्रेष्ठ, विकास बम, पविन्द्रबहादुर बम, निर्मल पनेरू, भीषणबाबु राई, हिरेन्द्र बहादुर रोकाया, लक्ष्मी खनाल, सन्तोष श्रेष्ठ, केशर न्यौपाने, अनमोला खड्का र ज्ञानबहादुर खड्का छन्। त्यस्तै डिएसपी मोहनजंग बुढाथापा र राजकुमार सिंहले पनि रिट दायर गरेका हुन्। अन्तिम सूचीमा छनोट भएका अधिकृतहरूबाट यसै साता प्रवेश परीक्षा सञ्चालन गर्ने राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको तयारी थियो। प्रवेश परीक्षामा उत्तीर्ण हुने ३५ जना स्टाफ कलेजका लागि छनोट हुने गरी प्रक्रिया अघि बढे पनि

पृष्ठ १ बाट

निवेदकहरूले एमपिएस कार्यक्रम तत्काल रोक्न अन्तरिम आदेशको माग गरेका छन्। कानुनले चिन्दै नचिनेको कार्यक्रमलाई बढुवा र वृत्ति विकासको आधार मान्न नहुने रिटमा उल्लेख छ। अहिले सुरु हुन लागेको एमपिएस कार्यक्रमअनुसार १५८औं समूहका इन्स्पेक्टर (२०७० सालमा भर्ना) र त्यसपछि भर्ना भएकाहरूले ती कोर्स पूरा नगरे नेतृत्वमा पुग्न सक्दैनन्।

के हो समस्या ?

प्रहरी ऐन २०१२ को व्यवस्थाअनुसार नेपाल प्रहरीको विधिवत स्थापना भएको थियो। जुन समयमा उक्त प्रहरी ऐन लागु भयो, तत्कालीन समाजको आवश्यकता र औचित्यलाई हेरी नेपाल प्रहरीलाई प्रहरी फोर्सका रूपमा स्थापना गरिएको थियो। स्थापनाकालदेखि उक्त ऐनको पटक-पटक संशोधन भयो भने उक्त ऐनमा रहेका विभिन्न विषयलाई थप प्रभावकारी बनाउने सम्बन्धमा प्रहरी नियमावलीको व्यवस्था पनि गरियो। हाल नेपाल प्रहरीमा प्रहरी ऐन, २०१२, प्रहरी नियमावली, २०७१, प्रहरी समयोजन ऐन, २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्यसञ्चालन (सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ अस्तित्वमा रहेको अवस्था छ। तर समयोजन ऐन तथा नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्यसञ्चालन (सुपरिवेक्षण र समन्वय) ऐन प्रमाणीकरण भए पनि लागु भइसकेको छैन।

नेपाल प्रहरी समायोजनमा जाने अन्तिम चरणमा रहेको अवस्थामा प्रदेश प्रहरी ऐनहरू बनेर राजपत्रमा सूचना प्रकाश भइसकेको छ। सो ऐनमा भएको व्यवस्था र संविधानले परिकल्पना गरेको व्यवस्था हाल संसद्मा दर्ता भएको प्रहरी ऐनको तादाम्य मिलेको छैन। स्टाफ कलेजका सम्बन्धमा २०७० चैत ९ मा भर्ना भएका कर्मचारीबाट लागु गर्ने प्रावधान के-कसरी राखियो ? यसको औचित्य के हो ? यसअघिका प्रहरी नायब उपरीक्षक दर्जाका प्रहरी कर्मचारीले कुनै कोर्स गर्नुपर्ने कि नपर्ने ? यीलगायत विषयलाई गौण राखिएकाले संगठनको नेतृत्व २०७० चैत ९ गतेपछिका कर्मचारीलाई मात्र चाहिने हो ? होइन भने हाल माथिल्लो दर्जामा पुगेका कर्मचारीको नेतृत्व केमा आधारित हुने भन्ने व्यवस्था गर्नु पर्दैन ? यी विभिन्न प्रश्नको समाधान पहिले गर्नुपर्ने आवाज उठाइएको छ।

असन्तुष्ट प्रहरी अधिकृतहरूले स्टाफ कलेज सञ्चालन गर्ने कार्यादेश बनाउने अधिकार पिसिसी बैठकलाई नभएको पनि उल्लेख गरेका छन्। वृत्ति विकासमा ठुलो असर गर्ने यस्ता कोर्स भोलि आउने नेतृत्वबाट परिवर्तन भएको खण्डमा के हुने भन्ने प्रश्न पनि उठाइएको छ। उनीहरूले कुनै कर्मचारीको वृत्ति विकासको सुनिश्चितता गर्ने हो भने भर्नाबाटै सो सम्बन्धमा सोचविचार गर्नुपर्नेमा भर्नामा जस्ताको तस्तै व्यवस्था राखी बिचमा आएर नयाँ व्यवस्था राख्नुले धेरै प्रहरी कर्मचारी अहिले संगठनमा आएपछि आइपर्ने अनेक झमेला बेहोर्नुपरेको उनीहरूको भनाइ छ। उनीहरूले स्टाफ कलेज कथंकदाचित लागु भयो भने नेपाल प्रहरीको अधिकृत दर्जा दुई खेमामा बाँडिने बताइएको छ। यसरी विभाजित हुँदा कार्यक्षेत्रमा खटिने मर्कामा पर्ने उनीहरूको दाबी छ। एउटा नेतृत्वमा पुग्न पढेर बस्ने अर्कोचाहिँ कार्यक्षेत्रमा खटिँदा पनि डिआइजीभन्दा माथि नजाने अवस्था हुन्छ,' रिट हाल्नेमध्येका एक डिएसपीले भने। उनका अनुसार यो विभेदले नेपाल प्रहरीको वृत्ति विकासमा ठुलो अन्तरसमेत हुनेछ।

उनीहरूले हालका गृहमन्त्री रमेश लेखकसँग दुई चार चरण छलफल गरिएको तर यसको औचित्यबारे कहीँकतै अनुसन्धान नगरिएका कारण यसले भविष्यमा हुने प्रहरीको कामकारबाही त्यति प्रभावकारी नहुने अवस्था अवगत गराउँदा पनि सुनुवाइ नभएको दाबी गरेका छन्। 'हाल ड्राफ्टमा रहेको प्रहरी ऐन २०८१ को परिच्छेद १४ को दफा १२४ मा नेपाल प्रहरी स्टाफ कलेजको व्यवस्था गरिएको छ। उक्त कलेजको स्थापनाको सन्दर्भमा नेपाली सेना र सशस्त्र प्रहरीमा रहेको व्यवस्थालाई टपक्क टिपेर सिभिल प्रहरीमा यसको औचित्य छ कि छैन ? कुनै किसिमको बहस छलफल नगरी सामान्य अवधारणा समेत नक्कल गरी लागु गर्ने व्यवस्था गरिएको छ। तर सशस्त्र प्रहरीले भने आफूले ड्राफ्ट गरको ऐनमा उक्त कुरा समयानुकूल परिवर्तन गरेको अवस्था छ। संसारको कुनै पनि सिभिल प्रहरीमा स्टाफ कलेज नरहेको र आफूखुसी केही कथित अधिकृतलाई मन परेका आधारमा नेपाल प्रहरीमा स्टाफ कलेज बिनाअनुसन्धान लागु गर्न खोज्नु कति औचित्यपूर्ण हुँदैन,' ती डिएसपीले भने।

प्रहरीलाई समयानुकूल बनाउने सन्दर्भमा अन्य मुलुकको 'बेस्ट पुलिसिङ'लाई अनुसरण नगरी आफ्नो प्रकृतिभन्दा फरक ढंगको काम गर्ने संस्थाको स्टाफ कलेज लागु गर्न खोज्नु औचित्यपूर्ण नहुने बताएका छन्। 'नेपाल प्रहरीको प्रहरी निरीक्षक दर्जामा आउने प्रहरी कर्मचारीहरू स्नातक उत्तीर्ण गरेर आउने र आफ्नो आधारभूत तालिममा पिजिडिपिएस ब्याचलर्स कोर्स अध्ययन गर्ने गरेको अवस्थामा डिएसपी दर्जामा पदोन्नति हुन स्नातकोत्तर गर्ने व्यवस्था रहेकोमा पुनः मास्टर कोर्स (एमपिएस) गर्नुपर्ने व्यवस्था गरिएको छ। जहाँ स्नातक गरेकालाई स्नातक कोर्स र स्नातकोत्तर कोर्स सकिसकेका प्रहरी कर्मचारीलाई पुनः एमपिएस गराउनु औचित्यपूर्ण हुँदैन,' उनले भने।

कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कलैया, बारा, मधेश प्रदेश, (नेपाल)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१-११-२८)

यस कलैया उपमहानगरपालिकाको मिति २०८१।१०।१४ गतेको अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशिक बोलपत्र (e-bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८१।११।२० गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र. सं.	बोलपत्र नं.	कामको विवरण	छनौट गरिएको बोलपत्रदाताको नाम	ठेगाना	कबोल रकम (VAT सहित)
१	KSMC/NCB/ WORKS-05-2081/082	4 ROOM RCC SCHOOL BUILDING CONSTRUCTION WORK WITH ATTACH TOILET/BATHROOM AT SHREE NE. RA. MA.VI. MATIYARWA, KALAIYA W N 10	Ankeet Construction	Kalaiya-14, Bara	५९७०६५२.२५
२	KSMC/NCB/ WORKS-06-2081/082	4 ROOM RCC SCHOOL BUILDING CONSTRUCTION WORK WITH ATTACH TOILET/BATHROOM AT SHREE NE. RA. AWA.VI. BIJULPUR RAMPUR, KALAIYA W N 27	Ankeet Construction	Kalaiya-14, Bara	५९८११४५.६१
३	KSMC/NCB/ WORKS-07-2081/082	4 ROOM RCC SCHOOL BUILDING CONSTRUCTION WORK WITH ATTACH TOILET/BATHROOM AT SHREE NE. RA. NAMUNA MA.VI. KALAIYA W N 1	Ashok Construction	Kalaiya-14, Bara	६३२११९९.११

प्रमुख प्रशासकीय अधिकृत

कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा राखिने बारेको कृषि विकास बैंक लि, शाखा डकाहा, सिन्धुलीको ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८१/११/२८)

कृषि विकास बैंक लिमिटेड, शाखा डकाहा, सिन्धुलीवाट तपसिल बमोजिमको व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, व्याज लगायतका बुझाउनु पर्ने रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पुर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि तथा प्रचलित ऐन नियम बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

क्र. सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम	मिति २०८१।११।२७ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
१	पदम बहादुर घिसिङ	दु.न.पा १२, सिन्धुली	२८६ सिन्धुली २०४३/०८/२७	तिलकु कुमर	पल्टा कुमर	सरल कृषि कर्जा	५,००,०००/-	९३,६२७/-	५,९३,६२७/-

क्र. सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावा रकम	मिति २०८१।११।२७ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
२	धामी किराना पसल प्रो.रामपृत धामी	निपाने ८ , सिन्धुली	२७१३ सिन्धुली, २०४४/१०/१७	सुखला धामी	राजमान	व्यापार कर्जा	१०,००,०००/-	८८,७१०/-	१०,८८,७१०/

फर्मको दर्ता नं. ९५४/०६९/०७० दर्ता मितिः २०६९/०९/१२ दर्ता भएको कार्यालयः बणिज्य विभाग पान नं.: ६००८१७६२० ।

प्रोप्राइटर/साझेदार/संचालकहरुको नाम

नाम	ठेगाना	नागरीकता नं.	नागरीकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
रामपृत धामी	निपाने ८ , सिन्धुली	२७१३	सिन्धुली २०४४/१०/१३	सुखल धामी	राजमान धामी

क्र. सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावा रकम	मिति २०८१।११।२७ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
३	अभियान एग्रिकल्चर एण्ड इनर्जी फार्म प्रा.लि.(सं.पुष्कल बानिया)	दुधौली न.पा ११, सिन्धुली	२०-०१-७१-०४८१५ सिन्धुली २०७१/१०/१८	शलिकराम बानिया	ववुराम बानिया	बिभिन्न	५३,५१,३०९/-	१०,१३,६९१/-	६३,६५,०००/-

फर्मको दर्ता नं.:१३३८९५/०७१/०७२ दर्ता मितिः २०७१-१२-११ दर्ता भएको कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय पान नं.:६०२४८९७३७ ।

प्रोप्राइटर/साझेदार/संचालकहरुको नाम

नाम	ठेगाना	नागरीकता नं.	नागरीकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
पुष्कल बानिया	कमलामाई ६, सिन्धुली	२०-०१-७१-०४८१५	सिन्धुली, २०७१/१०/१८	शलिकराम बानिया	ववुराम बानिया
शालिकराम बानिया	भिमान २, सिन्धुली	१७८५/४०६८	सिन्धुली, २०४४/११/०४	ववुराम बानिया	सुर्य बहादुर बानिया

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं ।

कलाको उद्देश्य हाम्रो आत्माबाट दैनिक जीवनको धुलो धुनु हो।
– पाब्लो पिकासो

सिर्जनाको शक्ति

हेनरी डेभिड थोरोले भनेका छन्- यो संसार हाम्रो कल्पनाको क्यानभास मात्र हो। वास्तवमै, यहाँ हरेक ठाउँमा हाम्रा कल्पनाशीलता पोख्न सक्छौं हामी। जति सुन्दर र आकर्षक ढंगले कल्पना व्यक्त गर्न सक्छौं त्यो हाम्रा लागि त्यति नै सुन्दर हुन्छ। अझ त्यस्तो सुन्दरता हाम्रा लागि मात्र नभएर अन्य हजारौंका लागि पनि आनन्द दिने विषय बन्न सक्छ। सांसारिक क्यानभास यही कारण जति सुन्दर बनाउन सक्यो मानव जीवन उति नै सुखद भएकामा शंका छैन।

संसाररूपी क्यानभास रंग्याउन लागिपरेका जुम्लाको चन्दननाथ नगरपालिका-२ भण्डारीबाडाका विराज भण्डारी यतिबेला विशेष कला क्षमताका कारण चर्चित बनेका छन्। मात्र २५ वर्षीय विराज पात कला (लिफ आर्ट) गरेर सबैको मन जित्न सफल भएका छन्। जुम्ला अन्य उत्पादनका खातिर ओखरका लागि पनि प्रसिद्ध छ। उनले ओखरकै पातमा बनाउन सुरु गरेका कला यतिबेला पीपल र अन्य पातमा पनि सरेका छन्। हावाले उडाएर फालिदिने र काम नलाग्ने ठानिने पात विराजका लागि कला उतार्ने महत्वपूर्ण साधन बनेको छ।

कोरोनाकाल धेरै मानिसले सुतेरै बिताए। केही गर्न पाइन्न, गर्न मिल्दैन, गर्न हुँदैन, सकिन्न भन्दैमा बित्यो धेरैको कोरोना जुनी। तर विराजले 'खाने मुखलाई जुँगाले छेक्दैन' भन्ने चरितार्थ गरे। त्यही बेला हो उनले पात कला सिकेका। त्यो पनि इन्टरनेटमा आउने भिडियोका माध्यमबाट। एक भारतीय कलाकारले बनाउँदै गरेको देखेपछि उनी यसतर्फ लोभिएका थिए। निरन्तरको प्रयासले उनलाई पात कलाकारका रूपमा स्थापित गऱ्यो। उनी पातमै मानिस, नक्सादेखि सबैखाले कला कोर्छन्। त्यसलाई देख्नेहरू लोभिन्छन् र उनको खोजीमा भौतारिन्छन्। विराजले सोखका लागि गरेका यो कलाकृति हुँदाहुँदा अहिले त आम्दानीको राम्रो स्रोत बनिसकेको छ। एउटा पातमा कलाकृति कोरिदिएबापत उनी एक हजारदेखि २५ सय रुपैयाँसम्म पारिश्रमिक लिन्छन्। बितेका ६ वर्षमा उनले यसै कलाबाट करिब १६ लाख रूपैयाँ कमाइसके। अर्डर आउने क्रम जारी छ। त्यो पनि देशबाट मात्र हैन, विदेशबाट समेत।

> विराजले 'खाने मुखलाई जुँगाले छेक्दैन' भन्ने चरितार्थ गरे। त्यही बेला हो उनले पात कला सिकेका। त्यो पनि इन्टरनेटमा आउने भिडियोका माध्यमबाट।

यहाँ अवसर छैन भन्ने युवाहरूका लागि गतिलो उत्तर हुन् विराज। जसले घरमै बसेर, बिनालागतका कच्चा पदार्थमा मात्र आफ्नो सिर्जना पोखेर राम्रो आम्दानी गरिरहेका छन्। आम्दानी मात्र हैन, उनको ख्याति पनि दिन/प्रतिदिन चुलिइरहेको छ। निरन्तरको प्रयासले जस्तोसुकै काम पनि सम्भव हुन्छ भन्नेसमेत सिकाएका छन् उनले दुनियाँलाई। यही कारण उनीबाट सिक्न सकिने धेरै कुरा छन्। जस्तो- निरन्तर अभ्यास, दृढ अठोट, नयाँपन र सिर्जनशीलता। यति भएमा ख्याति र पैसा आफैँ खोज्न आउँछन् भन्ने उनी ज्वलन्त उदाहरण हुन।

पातमा ४ हजारभन्दा बढी आकृति कोरिसकेका विराज यो कलाबारे प्रशिक्षण पनि दिन्छन्। विशेषगरी विद्यार्थीलाई यस्तो प्रशिक्षण दिने उनले ४३ वटा विद्यालय पुगेर सिकाइसकेका छन्। आफ्नो कामलाई व्यापक बनाउन सामाजिक सञ्जालको अधिकतम उपयोग गरिरहेका विराज यो कर्मबाट निकै खुसी छन्। उनका कलाकृति जिल्लास्थित अधिकांश कार्यालयमा समेत टाँगिएका छन् भने आफ्नो ठाउँमा आएका प्रसिद्ध व्यक्तिहरूलाई पातमा बनाइएका उनीहरूका तस्बिर दिनु पनि विराजको दिनचर्या जस्तै बनेको छ।

कृषि विज्ञानका स्नातक विराज अनेरास्ववियुका नेता पनि हुन्। सामाजिक सेवामा पनि आफूलाई समर्पित गरेका छन्। युनिक होम डेकोर सप्लायर्स र स्केट पार्कका सञ्चालक उनी व्यवसायी पनि हुन्। यति धेरै परिचयका धनी विराजको सबै पक्षलाई यतिबेला पात कलाले ओझेल पारिदिएको छ। जसबाट उनलाई नाम र दाम दुवै मिलेको छ। यही कारण पनि विराज अहिले धेरैतिर खोजिने र सम्पर्क गर्न चाहिने व्यक्ति बन्न सकेका हुन्।

काम धेरैले गर्छन्। व्यवसाय र राजनीति पनि धेरैले गर्छन्। तर गर्ने शैली र तरिका फरक भयो भने त्यही काम प्रशंसनीय बन्छ। अनुशरणीय र प्रशंसनीय बन्छ। अहिले विराजले गरेको पनि त्यही हो जुन काम अरूले गर्नेभन्दा व्यवस्थित छ। आकर्षक छ र नवप्रवर्तनीय छ। विराजबाट सिक्ने सकिने यस्ता पाठले नेपाली युवालाई केही गर्न सकिएन भन्ने निराशाबाट बाहिर निकाल्न सघाउँछ। नयाँ दृष्टि भयो भने तदनुकूलकै सृष्टि हुन्छ। सिर्जनशीलतामै शक्ति हुन्छ।

यस्तो पनि !

बढ्दै बहिरोपन

सन् २०५० सम्म लगभग अढाई अर्ब मानिस कुनै न कुनै किसिमको बहिरोपन समस्याबाट ग्रसित हुने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जनाएको छ। ७० करोडभन्दा बढी मानिसलाई त सुन्ने सहयोग आवश्यकता पर्ने अध्ययनमा देखिएको छ। यस्तो समस्या कम आय भएका मुलुकमा अझ बढी रहेको समेत संगठनले जारी गरेको प्रतिवेदनमा जनाइएको छ। यस्तो समस्याले स्वास्थ्यमा मात्र नभई विश्व अर्थतन्त्रमा समेत ठूलो प्रभाव पार्ने विश्वास डब्लुएचओको छ। यस्तो समस्या युवा पिँढीका लागि अझ गम्भीर रहेको बताइन्छ। एक अर्बभन्दा बढी युवा कानका लागि असुरक्षित उपकरणहरू प्रयोग गर्ने गर्छन्। यही कारण उनीहरूमा बहिरोपन बढ्ने सम्भावना बढी हुन्छ। बढीजसो ठूलो होहल्ला हुने ठाउँमा लामो समयसम्म बस्नु वा उच्च ध्वनिस्तर भएको हेडफोन प्रयोग गर्नुले यस्तो समस्या बढाइरहेको डब्लुएचओको भनाइ छ।

भारतको लखनउस्थित डा. भाटिया कक्लिया एडभान्स सर्जिकल सेन्टरका चिकित्सक करण भाटिया कोभिड १९ महामारीपछि सर्वसाधारणको सुन्ने क्षमतामा ह्रास आएको देखिएको बताउँछन्। प्रायः ६० वर्षको उमेरपछि सर्वसाधारणमा सुन्ने क्षमता कम हुँदै जाने गरेको थियो। कोभिड १९ पछि भने बालबालिका र युवामा समेत यो समस्या बढेको पाइएको छ। ध्वनि प्रदूषण यसमा प्रमुख कारण रहेको चिकित्सकहरूको दाबी छ। त्यस्तै पछिल्लो समय जेनेटिक समस्या भएका बालबालिकाहरू जन्मन थालेका कारण पनि यो समस्याले भविष्यमा ठूलो आकार लिने देखिएको डा. भाटिया बताउँछन्।

त्यसो त यो समस्याको समाधान पनि बजारमा उपलब्ध छ। खासगरी कक्लियर इम्प्लान्ट अचेल निकै लोकप्रिय हुँदै जान थालेको छ। सर्जरी गरेर कक्लियर इम्प्लान्ट नामक उपकरण लगाइन्छ। यो उपकरणले ध्वनि ऊर्जालाई विद्युत ऊर्जामा परिणत गर्दै त्यसलाई मस्तिष्कसम्म पुऱ्याउने गर्छ।

मूल रूपमा कानको एउटा अंग कक्लिया ध्वनि अघि बढ्ने बाटो हो। कानबाट अघि बढे पनि यसलाई विश्लेषण गर्ने काम मस्तिष्कले गर्ने गर्छ। कानले ध्वनिलाई लैजाने काम मात्र गर्छ। बढीजसो ध्वनिहरू कक्लियामार्फत अघि बढ्दा कानको आन्तरिक भाग प्रभावित हुन्छ र त्यसले नशालाई क्षतिग्रस्त बनाउन सक्छ। कानको नशा क्षतिग्रस्त भएमा मेसिन हालिन्छ। यही प्रक्रियालाई कक्लियर इम्प्लान्ट भनिन्छ। ध्वनि प्रदूषणका कारण बहिरोपन बढ्न थालेको विश्लेषकहरूको भनाइ छ। शरीरमा डिएनए र आरएनएको स्तरमा पनि केही परिवर्तन देखिन थालेको छ। जसका कारण अचानक सुन्ने क्षमता कम हुन थालेको छ।

डा. भाटिया भन्छन्, 'जसरी स्ट्रोक वा हार्ट अट्याक हुँदा एक घण्टाभित्रै आवश्यक कदम चाल्नुपर्छ, त्यस्तै अचानक सुन्ने क्षमता कम हुँदा पनि त्यस्तै आपतकालीन उपचार गर्नुपर्छ। ७२ घण्टाभित्र सही तरिकाले उपचार गर्न सकिएन भने मान्छेको श्रवणशक्ति गुम्न पुग्छ।' डब्लुएचओले विश्वभर नै श्रवण क्षमतालाई बढावा दिन वर्ल्ड रिपोर्ट अन हियरिङ (२०२१) र वर्ल्ड हेल्थ एसेम्बली रिजोलुसनजस्ता पहल थालेको छ। यस पहलको उद्देश्य नै संसारभर कानको क्षमता कायम राख्ने र उपचारलाई प्रभावकारी बनाउनु हो। पछिल्लो समय स्टेम सेल थेरापीमार्फत पनि सुन्ने क्षमतामा सुधार आउन थालेको छ।

प्रस्तुति : अच्युत कोइराला

ऊर्जा नीति-कानुनमा न्यायिक दृष्टि

राज्यका सबै तह, स्थानीय समुदाय तथा निजी क्षेत्रबीच सहकार्यात्मक नीति निर्माण हुन नसके नेपालको ऊर्जा आकांक्षा र वातावरणीय संरक्षणबीचको द्वन्द्व अझ उग्र हुनसक्ने जोखिम छ।





असीम जोशी

हालसालै सर्वोच्च अदालतले सरकारले अध्यादेशमार्फत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा केही दफा (दफा ५क. र दफा ६(१क)) थप गरी राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र ठूलाठूला भौतिक विकासका आयोजनाको अनुमति प्रदान गर्न सक्नेगरी गरिएको संशोधनलाई बदर गर्ने निर्णय गरेको छ। यो निर्णयले वर्षौंदेखि नेपालको ऊर्जा नीति तथा कानुन निर्माणमा चलिआएको परम्परालाई प्रश्न उठाएको छ भने वास्तवमा सर्वोच्चको यो एउटा निर्णय मात्र नभई नेपालका ऊर्जा नीतिहरूमा वर्षौंदेखि ऊर्जा नियमन, विकास, उत्पादन, प्रसारण र वितरणमा उठ्दै आएका कमी/कमजोरीहरूका विषय पनि रहेको छ।

ऊर्जा नीति र कानुनीका समस्या

विशेषतः नेपालको ऊर्जा नीति तथा कानुनहरू खण्डित (आइसोलेटेड) र प्रतिक्रियात्मक छन्। उदाहरणका लागि राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशक (२०७२-८२) ले जलविद्युत्को तीव्र विस्तारलाई प्राथमिकता दिएको छ तर वातावरणीय प्रभावबारे स्पष्ट प्रावधान समेटेको छैन। त्यसैगरी वातावरण संरक्षण ऐन, २०७६ मा जलविद्युत् परियोजनाहरूको सन्दर्भमा प्रत्यक्षरूपमा उल्लेख नभए पनि यस ऐनले सबै प्रकारका विकास आयोजनामा जलविद्युत् परियोजनाहरू पनि समावेश छन्, तिनीहरूको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गर्नुपर्ने प्रावधानमा विशेष जोड राखेको छ। विशेषगरी ऐनको दफा ३० मा वातावरण संरक्षण क्षेत्र घोषणा गर्ने व्यवस्था गरिएको छ भने सोही दफाले यस्ता क्षेत्रमा कुनै भौतिक विकासका आयोजनाको काम गर्न रोक लगाउन सकिने व्यवस्था गरेको छ जुन सरकारले अहिले लिइरहेको जलविद्युत्को द्रुत विकासको लक्ष्यलाई प्राथमिकता दिने रणनीतिसँग मेल खाँदैन।

यस्तै प्रकारका खण्डित कानुनहरूका फलतः ऊर्जा विकासका महत्त्वाकांक्षा र वातावरणीय संरक्षणसम्बन्धी कानुन सहकार्यपूर्ण लक्ष्यका रूपमा नभई एकअर्काका प्रतिस्पर्धीका रूपमा देखापरेका छन्। यो असन्तुलित दृष्टिकोणले देशलाई न्यायिक हस्तक्षेपको जोखिममा त पार्छ नै, परियोजनाहरू स्थगित हुने र दीर्घकालीन ऊर्जा योजनालाई कमजोर बनाउनेसमेत गर्छ। यसको मुख्य जड भने कानुन तथा नीति बनाउने प्रक्रिया र प्रणाली, हामीले दशकौंदेखि मान्दै आएको ऊर्जाका मान्यता तथा सम्बन्धित गतिविधि छन्। पछिल्ला दशकमा बनेका राष्ट्रिय ऊर्जा दक्षता रणनीति-२०७५ जस्ता नीति तथा महत्त्वाकांक्षाहरू स्थापित मान्यताहरूभन्दा निश्चितरूपमा नयाँ तथा प्रगतिशील दृष्टिकोण प्रस्तुत गर्छन्। तथापि ती नीतिहरू कार्यान्वयन गर्ने क्रममा अझै पनि मागमा आधारित (डिमान्ड रिआक्टिभ) शैली हावी देखिन्छ जसमा अल्पकालीन समस्याको तत्काल समाधान खोज्दै दीर्घकालीन योजनालाई दोस्रो दर्जामा धकेलिने गरिन्छ। यसले एकीकृत ऊर्जा व्यवस्था, प्रविधिजन्य नवप्रवर्तन र दीर्घकालीन ऊर्जा सुरक्षासँग सम्बन्धित विषयहरू उपेक्षित रहन गएका छन्।

फलस्वरूप कागजीरूपमा प्रगतिशील र दूरदर्शी जस्ता देखिने नीति तथा रणनीतिहरू व्यावहारिक स्तरमा पुग्दा प्रभावहीन बन्ने जोखिम कायमै छ र ऊर्जा क्षेत्रको दिगो तथा न्यायपूर्ण विकासको आकांक्षाले पूर्णरूपमा मूर्त रूप लिन सकिरहेको छैन। त्यसैगरी नेपालको ऊर्जा क्षेत्र नियमन, विकास, उत्पादन, प्रसारण र वितरणसम्बन्धी कार्यहरू विभिन्न संस्थाले सञ्चालन गर्छन्। तर यी संस्थाबीच स्पष्ट उत्तरदायित्वको अभाव, नीतिगत समन्वयको कमजोरी र अधिकार क्षेत्र बाझिने समस्या भएका कारण ऊर्जा क्षेत्रको समग्र विकासमा बाधा उत्पन्न भइरहेको छ। उदाहरणको लागि विद्युत् नियमन आयोगसँग विद्युत् शुल्क निर्धारण गर्ने कानुनी हैसियत छ तर व्यवहारमा त्यसबारे महत्त्वपूर्ण निर्णय नेपाल विद्युत् प्राधिकरणकै भूमिकाबाट निर्देशित हुने गरेको पाइन्छ। समस्याको गम्भीरता त्यहाँसम्म छ कि स्वयं ऊर्जा मन्त्रीले संसद्मै प्राधिकरणको सञ्चालक समितिका निर्णय तथा निर्देशनहरू पालना नगरिएको गुनासो पोख्नुपरेको छ। यस्तो संरचनागत विशृंखलताले ऊर्जा क्षेत्रको दूरगामी विकास र दक्ष कार्यान्वयनलाई अवरोध पुऱ्याउँदै राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्नुपर्ने महत्त्वपूर्ण घडीमा थप अन्योल सिर्जना गरिरहेको छ।

जलविद्युत्निर्भर अर्थतन्त्र र ऊर्जा संकट

वास्तवमा कानुनतः नभए पनि जलविद्युत्लाई मात्र व्यावहारिकरूपमा ऊर्जा मान्ने तथा जलविद्युत् एकल अर्थतन्त्र उचाल्ने साधन मान्ने शैली राज्यको क्षणिक प्रतिक्रियात्मक दृष्टिकोण दीर्घकालीन भने पक्कै छैन। जलविद्युत् अर्थतन्त्रका लागि मेरुदण्ड नभएको हैन तर नेपालले भारतमा मात्र नभई बाङ्लादेशमा समेत विद्युत् व्यापार गर्न सुरुवात गरिसकेको अवस्थामा अझै पनि हिउँदमा 'लोडसेडिङ' होला कि भन्दै किन चिन्ता लिइरहनुपरेको छ, ऊर्जाका अन्य उपाय किन नीतिगतरूपमै उपेक्षित भइरहेका छन् तथा अझै पनि विगतका दशकमा झैँ राष्ट्रको कुल ऊर्जा खपतको ६० प्रतिशतभन्दा बढी हिस्सा किन परम्परागत जैविक ऊर्जा (दाउरा, गुइँठा, कोइला) बाट नै पूर्ति भइरहेको छ? भन्ने जस्ता सामान्य प्रतिनिधिमूलक प्रश्नका उत्तर मूलतः थिनै संस्थागत, नीतिगत तथा प्रक्रियागत असंगतिका परिणाम हुन्। यद्यपि जलविद्युत्लाई अर्थतन्त्रको सूत्रधार मानिरहँदा नेपालको अर्थतन्त्रमा विद्युत्को योगदान कति छ भनेर हेर्न जरुरी हुन्छ।

> ऊर्जा न्यायले परियोजनाबाट कसलाई फाइदा हुन्छ र कसलाई बोझ पर्छ भन्ने प्रश्न सोध्छ। जलविद्युत् परियोजनाले विदेशी मुद्राको आम्दानी, पूर्वाधार विकास र उद्योगधन्दा चलायमान गराउन सघाउँछ। तर संरक्षित क्षेत्रका वन्यजन्तु तथा स्थानीयका लागि पानीको सतह घट्ने, विस्थापन तथा जैविक विविधतामा क्षति हुने जस्ता जोखिम देखिन सक्छन्।

अन्तर्राष्ट्रिय ऊर्जा नियोगका अनुसार नेपालका घरायसी र उद्योग क्षेत्रका कुल ऊर्जा खपतमा विद्युत्को योगदान क्रमशः ३.८ प्रतिशत र ९.५ प्रतिशत मात्र छ। त्यसैगरी नेपालमा एक हजार अमेरिकी डलर बराबरको कुल गार्हस्थ्य उत्पादनका लागि पाँच हजार नौ सय चार मेगाजुल (करिब १६४० युनिट) ऊर्जा खपत हुने गरेको छ। सन् २००० को तुलनामा यो २३ प्रतिशतले घटेको भए पनि विश्वको औसत ऊर्जा खपत घनत्वभन्दा बढी नै रहेको छ। यो तथ्यांकले पनि नेपालको आर्थिक उत्पादनमा विद्युत् (अन्य ऊर्जाका स्रोतबाहेक) को न्यून योगदान रहेको दर्साउँछ। व्यापक विद्युत् व्यापार सम्झौताका कारण जलविद्युत्को बढी उत्पादन हुने वा हुन सक्ने भए पनि भण्डारणयोग्य जलाशयहरू अपर्याप्त छन् जसले हिउँदमा ऊर्जा संकट निम्त्याउने गरेको छ।

यसैअनुरूप नेपालका नवीकरणीय ऊर्जा नीतिहरूले वैकल्पिक स्रोतहरूको प्रवर्द्धनलाई पनि आवश्यक बनाएको छ तर वैकल्पिक विद्युत् विकाससम्बन्धी कार्यविधि, २०७८ ले राष्ट्रिय ग्रिडमा कुल जडित क्षमताको १० प्रतिशतसम्म वैकल्पिक विद्युत् जडान गरिने व्यवस्था गरेको छ। यही १० प्रतिशतको कार्यविधिअनुरूप अध्ययनहरूअनुसार तत्कालै करिब दुई हजार मेगावाट सौर्य विद्युत्को आर्थिक सम्भाव्यता भए पनि अहिलेको अवस्थामा तीन हजार ५० मेगावाट हाराहारीमा मात्र सौर्य ऊर्जा जडान गरिन सकिने अवस्था छ। यो व्यवस्था वैकल्पिक ऊर्जाका कारण पूर्वाधारमा हुने भारलाई मध्यनजर गरी राखिएको हुन सक्छ। यसो हो भने नीति नै बनाएर यस्ता स्रोतलाई सीमित गर्नुभन्दा कसरी ग्रिड पूर्वाधारलाई नै बलियो बनाउने भन्नेतर्फ ध्यान दिनु फलदायी हुन्छ।

विशेषतः ऊर्जा प्रणालीको पथ-निर्भरता (पाथ डिपेन्डेन्सी) ले के भन्छ भने एकपटक कुनै स्रोतमा आधारित संरचना बनिसकेपछि त्यसलाई परिवर्तन गर्न गाह्रो हुन्छ र यस्ता समस्यालाई प्रक्रियागत तथा क्रमिकरूपमा हल गर्दै जानु उचित हुन्छ। नेपालका नीति तथा योजना जलविद्युत्मा धेरै निर्भर भएकाले वैकल्पिक ऊर्जास्रोततिर सिफ्ट गर्न सरकार र केही हदसम्म निजी क्षेत्र दुवै अकर्मण्य देखिएका छन्। जसको फलस्वरूप एकीकृत स्रोत योजना अथवा एकीकृत विद्युतीय योजनाहरू नीति तथा योजनाबाट बेवास्ता गरिएका छन् भने जलविद्युत्मा मात्र निजी क्षेत्रको लगानी ९० प्रतिशतभन्दा बढी छ। यससँगै विश्वव्यापीरूपमा अपनाइएको तथा मानिने ऊर्जा सुरक्षाको धारणा कानुन तथा नीति निर्माणमा उपेक्षित हुनु पनि समस्या भएको छ र जलविद्युत्मा बढी निर्भर हुनु नेपालका लागि स्रोतको अभिशाप (रिसोर्स कर्स) नहोला भन्न सकिन्न। भेनेजुएलाले तेलको बढी निर्भरताले कसरी आर्थिक पतनको सामना गर्नुपऱ्यो भन्ने इतिहास उदाहरणीय छ। नेपालले पनि हिउँदमा ऊर्जा क्षेत्रमा खेप्नु परिरहेको सास्ती पूर्वलक्षण नै हो। सरकारले ऊर्जाको स्रोत विविधीकरण गर्नतर्फ अविलम्ब लाग्नु बुद्धिमानी हुन्छ।

न्यायिक दृष्टिकोणको अभाव

साथै अहिलेको युगमा दीर्घकालीन विकास र ऊर्जा सुरक्षा तथा त्यसबाट आउने आर्थिक लाभ प्राप्त गर्न कसरी लोकत्रान्तिक मान्यताहरूलाई दमन नगरिकन नीति/नियम निर्माण गर्न सकिन्छ भन्ने कुरा उत्तिकै जरुरी छ। ऊर्जा मात्र नभई विकासका अन्य योजना आर्थिकरूपमा फाइदाजनक देखिने कुरालाई मात्र ध्यानमा राखी वातावारणीय, मानवीय तथा सांस्कृतिक पक्षहरूलाई बेवास्ता गरिने, प्रक्रियामा नागरिक समाज जस्ता समूहहरूको भूमिकालाई पूर्णरूपमा वञ्चित गरिने जस्ता कुराले घाटा नै हुने देखिन्छ। यसप्रकारको 'अल्पकालीन वित्तीय प्राथमिकता' ले दीर्घकालीनरूपमा वातावरण, समाज र अर्थतन्त्र तीनैवटा पक्ष प्रभावित बनाउँछ।

यसका लागि नीति/नियम निर्माण गर्दा वा योजनाहरू तर्जुमा गर्दा न्यायसम्बन्धी धारणालाई आत्मसात गर्नु महत्त्वपूर्ण देखिन्छ। यसलाई नसमेट्दा के हुन्छ भन्ने कुरा ताप्लेजुङस्थित पाथिभरा मन्दिरमा केबुलकार निर्माणसम्बन्धी हालै उत्पन्न भएको घटना ज्वलन्त उदाहरण बनेको छ। सुरुमा पर्यटकीय सम्भावना र लगानीकर्ताको प्रत्यक्ष फाइदा मात्र हेरेर निर्णय अघि बढाउने कोसिस गरिएको देखियो तर स्थानीय बासिन्दाको भावना, धार्मिक तथा सांस्कृतिक पक्ष तथा वातावरणीय असर जस्ता मुद्दाहरू गहन छलफल र सहभागिताको अभावमा ओझेल परे। फलस्वरूप स्थानीय प्रतिरोध र विवाद बढेको देखियो।

ऊर्जा क्षेत्रमा पनि ऊर्जा न्याय (इनर्जी जस्टिस) उत्तिकै महत्त्वपूर्ण हुन्छ। इनर्जी जस्टिसले परियोजनाबाट कसलाई फाइदा हुन्छ र कसलाई बोझ पर्छ भन्ने प्रश्न सोध्छ। जलविद्युत् परियोजनाले मुलुकलाई विदेशी मुद्राको आम्दानी, पूर्वाधार विकास र उद्योग-धन्दा चलायमान गराउन सघाउँछ। तर संरक्षित क्षेत्रका वन्यजन्तु तथा स्थानीय बासिन्दाका लागि पानीको सतह घट्ने, विस्थापन तथा जैविक विविधतामा क्षति हुने जस्ता जोखिम देखिन सक्छन्। सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा थपिएका दफाहरू संविधानअनुकूल नभएको भनी बदर गरेको अदालती निर्णय पुनरवलोकन होला या नहोला वा यसको प्रभाव जलविद्युत् विकास र आउने दशकमा राज्यका लक्ष्यहरूमा कत्तिको असर पर्ला भन्ने प्राविधिक बहस छुट्टै विषय हो। तर यो निर्णयले 'यस्ता नीति, ऐन वा योजनाहरू बनाउँदा निर्णय प्रक्रियामा सहभागिता कतिको थियो?' भन्ने सवाल जोडदाररूपमा उठाउँछ र प्रक्रियागत न्यायको पक्ष महत्त्वपूर्ण भएको प्रष्ट देखाउँछ।

परियोजनाका डिजाइन, स्थान छनोट, सम्भाव्यता अध्ययन, जोखिम मूल्याङ्कन आदि चरणमा स्थानीय बासिन्दा, नागरिक समाज तथा विज्ञ संस्थाहरूको संलग्नता अत्यावश्यकीय हुन्छ। ती पक्षलाई बेवास्ता गरेर 'छोटो बाटो' अपनाइयो भने भविष्यमा विवाद र कानुनी अवरोध आउने सम्भावना उच्च रहने नै हुन्छ। त्यसका साथै ऊर्जाको राजनीतिक अर्थशास्त्रले पनि जलविद्युत् कम्पनी, सरकार, संरक्षणवादी संस्था, स्थानीय समुदाय तथा अन्तर्राष्ट्रिय दाताहरूबीचको शक्ति-सन्तुलन उजागर गर्छ। बदर गरिएको कानुनी संशोधनले राज्य, लगानीकर्ता र संरक्षणवादीबीच टकराव देखाएको छ।

नयाँ सोच र रणनीतिको आवश्यकता

विश्वमा ऊर्जा अहिले राजनीतिको विषय भएको तथा उत्तर-आधुनिक युगमा त अझ बढी राजनीतिको हिस्सा यसले ओगटेको छ। युरोपमा रुसी ग्यासको प्रभाव, संयुक्त राज्य अमेरिकाको खनिज तेलप्रतिको आशक्ति, दक्षिण अफ्रिकी मुलुकहरूमा खोलामा पानी सुकी जलविद्युत् उत्पादनमा कमी आई भएको राजनीतिक उतारचढाव, छिमेकी राष्ट्र चीन र भारतको ब्रह्मपुत्र नदीलाई लिएर भइरहेको विवाद वा हाम्रै देश र भारतबीच भएका अधिकांश सन्धि तथा समझदारीहरूले ऊर्जाले सामाजिक, आर्थिक तथा भूराजनीतिमा पार्ने प्रभाव प्रष्ट देखाउँछ। तर अर्कोतर्फ ऊर्जा गरिबी र आर्थिक गरिबीलाई 'चिकेन एन्ड एग प्रोब्लम' मानिने चलन पनि छ। यद्यपि यो 'कुखुरा पहिले कि अण्डा पहिले' नभई वास्तवमा उर्जा आर्थिक समृद्धिका लागि आवश्यक सर्त भए पनि पर्याप्त नरहने सर्त हो।

सामाजिक न्याय तथा आर्थिक समृद्धिमा ऊर्जालाई जोड्न नीति/नियम तथा कानुन कुन ढंगबाट निर्माण गरिन्छ भन्ने कुराले यसलाई पूर्ति गर्छ। ऊर्जा विकास र वातावरणीय संरक्षणबीच सन्तुलन ल्याउने समग्र कानुनी रूपरेखाको अभाव नै यो समस्याको मूल जड हो। जलविद्युत् परियोजनालाई राष्ट्रिय आर्थिक विकासको सूचक मानी तीव्ररूपमा अघि बढाउँदा पर्यावरणीय मूल्यहरू उपेक्षित हुने जोखिम झन् बढ्छ। ऊर्जा नीतिलाई स्थायी विकास, वातावरणीय सुरक्षाको माग, स्थानीय हकहित तथा दीर्घकालीन ऊर्जाको खपत तथा सेवाबीच सूक्ष्म समन्वय गर्नुपर्ने आवश्यकता जटिल हुँदै गइरहेको छ। यदि राज्यका सबै तह, स्थानीय समुदाय तथा निजी क्षेत्रबीच सहकार्यात्मक नीति निर्माण हुन सकेन भने नेपालको ऊर्जा आकांक्षा र वातावरणीय संरक्षणबीचको द्वन्द्व अझ उग्र हुन सक्छ। यद्यपि यी सब कुरा गरिरहँदा अहिलेको अवस्था दयनीय नै छ भन्ने पनि हैन। ऊर्जाको क्षेत्रमा देशले गरिरहेको प्रगतिलाई नकार्न सकिँदैन। सरकारले हालसालै ल्याएको 'ऊर्जा विकास मार्गचित्र २०८१', 'नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता विधेयक २०८१' तथा 'जनताको जलविद्युत् कार्यक्रम' हरूले न्यायिक पक्षहरू समेटेका देखिन्छ।

अहिलेको युगमा दिगो विकास, ऊर्जा सुरक्षा, अर्थतन्त्रको समुचित लाभ र नागरिकका लोकतान्त्रिक अधिकार एकअर्काका प्रतियोगी पक्ष नभई पूरक पक्ष हुने कुरा अत्यन्त महत्त्वपूर्ण छ। त्यसका लागि नीतिगत र संस्थागत संरचनामा सहभागिता, पारदर्शिता र जिम्मेवारीको प्रत्याभूति गराउनु अपरिहार्य छ। यो नै प्रक्रियागत न्यायको मूल सार हो जसले दीर्घकालीनरूपमा देशलाई आर्थिकरूपमा सबल बनाउनुका साथै सामाजिक तथा पर्यावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउन सक्छ।

- ऊर्जा प्रणालीका विद्यार्थी जोशी बेलायतको अक्सफोर्ड विश्वविद्यालयका वाइडेन्फेल्ड-हफमान स्कलर हुन्।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी: मोहन कुमार तामाङ्ग** स्थायी ठेगाना: उदयपुर जिल्ला, वर्रे गा.वि.स. वडा नं. ३, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बाबु: सिंगा बहादुर गोले तामाङ, बाजे: इन्द्र मान तामाङ तथा **कुमार सिं घिसिङ** स्थायी ठेगाना: रामेछाप जिल्ला, बेथान गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बाबु: मुकुन्द बहादुर तामाङ, बाजे: काजी तामाङ तथा **महित कुमार तामाङ्ग** स्थायी ठेगाना: भोजपुर जिल्ला, भोजपुर न.पा. वडा नं. ५, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बाबु: रिच कुमार तामाङ, बाजे: इन्द्र बहादुर तामाङ तथा **रुप बहादुर योन्जन** स्थायी ठेगाना: काभ्रेपचाऱ्चोक जिल्ला, गोकुले गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल, बाबु: डिल्लीमान योन्जन, बाजे: कुल मान योन्जन **धितोको विवरण** इन्द्र मान तामाङको नाति, सिंगा बहादुर गोले तामाङको छोरा, उदयपुर जिल्ला, वर्रे गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बस्ने मोहन कुमार तामाङ -१ तथा काजी तामाङको नाति, मुकुन्द बहादुर तामाङको छोरा, रामेछाप जिल्ला, बेथान गा.वि.स. वडा नं.७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बस्ने कुमार सिं घिसिङ -१ तथा इन्द्र बहादुर तामाङको नाति, रिच कुमार तामाङको छोरा, भोजपुर जिल्ला, भोजपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बस्ने महित कुमार तामाङ्ग -१ तथा कुल मान योन्जनको नाति, डिल्लीमान योन्जनको छोरा, काभ्रेपचाऱ्चोक जिल्ला, गोकुले गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल बस्ने रुप बहादुर योन्जन -१ समेत गरी ४ जनाको संयुक्त नाममा मालपोत कार्यालय चावहिल, काठमाडौं जिल्लाको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल (हाल का.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ५४२ र १४२ को क्षेत्रफल क्रमश: ०-५-३-३ र ०-१-०-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२)	**ऋणी: हिरा बहादुर तामाङ** स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, मथुरापाटी फुलवारी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, बाबु : कृष्ण बहादुर तामाङ, बाजे : सुताप सिं तामाङ **धितोको विवरण** सुताब सिं तामाङको नाति, कृष्ण बहादुर तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, मथुरापाटी फुलवारी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने हिरा बहादुर तामाङको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बाँड भन्ज्याङ गा.वि.स. वडा नं. ९ङ (हाल चन्द्रागिरी न.पा. वडा नं. २) स्थित कित्ता नं. ८० को क्षेत्रफल २८६.११ (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३)	**ऋणी: अस्मान तामाङ** स्थायी ठेगाना: काभ्रेपलान्चोक जिल्ला, सिसाखानी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बाबु: डेमा दोर्जे लामा, बाजे : जित बहादुर लामा **धितोको विवरण** जित बहादुरको नाति, डेमा दोर्जे लामाको छोरा, काभ्रेपलान्चोक जिल्ला, सिसाखानी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बस्ने आस्मान तामाङको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, फुलवारी गा.वि.स. वडा नं. ५ (हाल नमोबुद्ध न.पा. वडा नं. २) स्थित कित्ता नं. २६७० को क्षेत्रफल ०-३-०-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
४)	**ऋणी: प्रेम बहादुर भण्डारी** स्थायी ठेगाना: नवलपरासी जिल्ला (ब.सु.पू) विनयीत्रिवेणी गा.पा. वडा नं. ६, हालको ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६, बाबु: ठाकुर बहादुर भण्डारी, बाजे: मन बहादुर भण्डारी **धितोको विवरण** मन बहादुर भण्डारीको नाति, ठाकुर बहादुर भण्डारीको छोरा, नवलपरासी जिल्ला, विनयीत्रिवेणी गा.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ बस्ने प्रेम बहादुर भण्डारीको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंको, लगतमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, बाँडभन्ज्याङ गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रागिरी न.पा. वडा नं. २) स्थित कित्ता नं २२८ को क्षेत्रफल ०-१२-२-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
५)	**ऋणी: सविन श्रेष्ठ** स्थायी ठेगाना: दोलखा जिल्ला, काठाकुटी गा.वि.स. वडा नं. ९, हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६, बाबु: ध्रुव कुमार श्रेष्ठ, बाजे: पदम बहादुर श्रेष्ठ **धितोको विवरण** पदम बहादुर श्रेष्ठको नाति, ध्रुव कुमार श्रेष्ठको छोरा, दोलखा जिल्ला, काठाकुटी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ६ बस्ने सविन श्रेष्ठको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं. ४क (हाल सुर्यविनायक न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६९५ को क्षेत्रफल २५४.३२ (व.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
६)	**१) ऋणी कम्पनी: संगिता एग्रिकल्चर प्रा.लि.**, संचालक तथा जमानीकर्ता: घन माया तिमल्सिना दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: १६८९६८/७३/७४, दर्ता मिति २०७४/०२/१७, ठेगाना: जिल्ला काठमाडौं, शङ्खरापुर न.पा. वडा नं. ७ **२) ऋणी: घन माया तिमल्सिना** स्थायी ठेगाना: सिन्धुली जिल्ला, लाम्पानटार गा.वि.स. वडा नं. २, हालको ठेगाना: काठमाडौं जिल्ला, शङ्खरापुर न.पा. वडा नं. ७, बाबु: गंगाधर पहाडी, ससुरा: नारन प्रसाद तिमल्सिना, पति: राजन प्रसाद तिमल्सिना **धितोको विवरण** १) गंगा धर पहाडीकी छोरी, नारान प्रसाद तिमल्सिनाकी बुहारी, राजन प्रसाद तिमल्सिनाकी पत्नी, सिन्धुली जिल्ला, लाम्पनटार गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, शङ्खरापुर न.पा. वडा नं. ७ बस्ने घन माया तिमल्सिनाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेका भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ५क (हाल चौंगुनारायण न.पा. वडा नं. ५) स्थित कित्ता नं. १७७० को क्षेत्रफल ३४९.६९ (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) संगिता एग्रिकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**१) ऋणी फर्म: अन्नपूर्ण ग्रोष्ट हाउस एण्ड खाजाघर**, प्रोप्राईटर तथा जमानीकर्ता: शिव कुमार प्रधान दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोकमा प्रा.फ.नं.घ.वि ५१६४/०७०/७१, दर्ता मिति २०७०/१०/१९, ठेगाना: जिल्ला काभ्रे, पनौती न.पा. वडा नं. ५ **धितोको विवरण** १) रत्न भक्त प्रधानको नाति, न्हुछे प्रधानको छोरा, काभ्रे जिल्ला, पनौती गा.वि.स. वडा नं. ६ बस्ने शिव कुमार प्रधानको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, सुनथान गा.वि.स वडा नं. ७ स्थित कित्ता नं. १५१, ८५६, ८५७, ११५४ र १५६१ को क्षेत्रफल क्रमश ०-३-३-०, ०-४-३-२, ०-४-०-०, ०-०-१-१ र ०-७-२-२ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अन्नपूर्ण ग्रोष्ट हाउस एण्ड खाजाघरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **२) ऋणी: शिव कुमार प्रधान** स्थायी ठेगाना: काभ्रे जिल्ला, पनौती गा.वि.स. वडा नं. ६, हालको ठेगाना: काभ्रे जिल्ला, पनौती न.पा. वडा नं. ७, बाबु: न्हुछे प्रधान, बाजे: रत्न भक्त प्रधान **धितोको विवरण** १) रत्न भक्त प्रधानको नाति, न्हुछे प्रधानको छोरा, काभ्रे जिल्ला, पनौती गा.वि.स. वडा नं. ६ बस्ने शिव कुमार प्रधानको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, सुनथान गा.वि.स वडा नं. ७क (हाल पनौती न.पा. वडा नं. ६) स्थित कित्ता नं. १५१, ८५६, ८५७, ११५४ र १५६१ को क्षेत्रफल क्रमश ०-३-३-०, ०-४-३-२, ०-४-०-०, ०-०-१-१ र ०-७-२-२ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडेल: Trax Cruiser | च्यासिस नं.: MC1D4DCA0KP084498 | इन्जिन नं.: D60031101 | सवारी दर्ता नं.: ना १ ज ८४६२
८)	**ऋणी: रुप नारायण प्र. रस्तोगी** स्थायी ठेगाना: रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ५, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बाबु: राजेन्द प्रसाद रस्तोगी, बाजे: दिपक साह तथा **पशुराम साह बनिया** स्थायी ठेगाना: रौतहट जिल्ला, स.धमौरा गा.प. वडा नं. ५, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: राजेन्द साह बानिया, बाजे: दिपक साह **धितोको विवरण** १) दिपक साहको नाति, राजेन्द साह बानियाको छोरा, रौतहट जिल्ला, स.धमौरा गा.प. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बस्ने प्रशुराम साह बनियाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ५/ग (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. १८३ र १९८२ को क्षेत्रफल क्रमश: ०-१-१४ र ०-१०-१८ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) दिपक साहको नाति, राजेन्द प्रसाद रस्तोगीको छोरा, रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बस्ने रुप नारायण प्र. रस्तोगीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ४ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. ६१७ को क्षेत्रफल ०-१०-१५$^{१/४}$ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
९)	**ऋणी फर्म: ऐस.के.ऐस. ट्रेडर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: सुबोध कुमार साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ९९१९/७३९, दर्ता मिति २०७७/०७/२६, ठेगाना: जिल्ला रौतहट, संग्रामपुर गा.वि.स. वडा नं. ४ (हाल गढीमाई न.पा. वडा नं. ४) **धितोको विवरण** १) विरिछ साह तेलीको नाती, भुटा साह तेलीको छोरा, रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ९ बस्ने सुबोध कुमार साहको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको, रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५५२ को क्षेत्रफल ०-५-३$^{१/२}$ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ऐस.के.ऐस. ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१०)	**ऋणी कम्पनी: युथ ब्रदर्श सिभिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., अध्यक्ष तथा जमानीकर्ता: सतिश कुमार साह** दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २११३९१/०७५/०७६, दर्ता मिति २०७५/१२/१०, ठेगाना: जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. १४ **धितोको विवरण** १) बहादुर साह तेलीको नाती, धनुषधारी साहको छोरा, धनुषा जिल्ला, वेंगा शिवपुर गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १९ बस्ने बिपिन कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, वेंगा शिवपुर गा.वि.स. वडा नं. ६ क (हाल जनकपुर उ.म.न.पा. वडा नं. १९) स्थित कित्ता नं. ८३० को क्षेत्रफल ०-५-१९-० (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) युथ ब्रदर्श सिभिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

'रेफर सेन्टर' बन्यो जिल्ला अस्पताल कालीकोट

जिल्ला अस्पताल कालीकोट र गैरजिम्मेवारी सूचना। *तस्बिर : ललित/नागरिक*

ललित विष्ट
कालीकोट, फागुन २७

खाँडाचक्र नगरपालिका वडा नं ३ ताडीका ४७ वर्षीय पुरिचन्द्र पाण्डे शनिबार बेलुकी आफ्नो घरको बार्दलीबाट खसेर घाइते भए। पाण्डेलाई उपचारका लागि आइतबार जिल्ला अस्पताल कालीकोट लगियो, तर जिल्ला अस्पताल कालीकोटले उनको टाउकोमा चोट भएको भन्दै सिटी स्क्यानका लागि सुर्खेत लैजान रे फर गऱ्यो।

सोमबार बिहान उनलाई सुर्खेत लैजाने क्रममा बाटोमै निधन भएको छ। उनलाई उपचारका लागि सुर्खेत लैजाँदै गर्दा दैलेखको असाराघाट पुऱ्याएपछि सोमबार बिहान ११ बजे निधन भएको उनका जेठा दाइ खडानन्द पाण्डेले बताए। उनी घरको बार्दलीबाट लडेर घाइते भएका थिए। उनले भने, 'थप उपचार गर्न सुर्खेत लैजाने क्रममा बाटोमा निधन भयो।' हाल जिल्ला निर्वाचन कार्यालयमा कार्यरत पाण्डेका पत्नी र दुई छोरा छन्।

यस्तै नेकपा एमाले कालीकोटका युवा नेता तिलबहादुर शाही फागुन १८ गते घरको कौसीबाट लडेर गम्भीर घाइते भए। उनलाई पनि उपचारका लागि राती ९ बजे जिल्ला अस्पताल लगियो, तर उनको टाउकोमा ठूलो चोट भएको भन्दै अस्पतालले सिटी स्क्यानका लागि सुर्खेत लैजान रिफर गऱ्यो। अहिले उनको नेपालगन्जमा उपचार भइरहेको छ। यी केही प्रतिनिधिमूलक घटना हुन्। यस्ता घटना हिजोआज अस्पतालहरूमा सामान्यजस्तै भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा मात्र जिल्ला अस्पताल कालीकोटमा अन्य स्वास्थ्य संस्थाबाट आएकामध्ये महिला २७ जना र पुरुष ११ जना, बहिरंग सेवा लिएका महिला ६८ जना पुरुष ५६ जना, यस्तै वाडमा भर्ना भएकामध्ये महिला १४ जना र पुरुष २८ जना र इमर्जेन्सी सेवाबाट आठजना महिला र १३ जना पुरुष थप उपचारका लागि अन्यत्र रिफर गरिएको जिल्ला अस्पताल कालीकोटले जनाएको छ।

अहिले जनरल सर्जरी, बाल रोग विशेषज्ञ, स्त्ररोग विशेषज्ञको अस्पतालमा दरबन्दी छ, तर डाक्टर छैनन्। अहिले पनि डाक्टर नपठाउँदा दरबन्दी खाली छ। जटिल केशका शल्यक्रियाका लागि सुर्खेत रिफर हुन्छन्। जिल्ला अस्पताल कालीकोट स्वास्थ्य मन्त्रालयको बेवास्ताको सिकार बनेको छ। 'पटकपटक दरबन्दीमा विशेषज्ञ पठाइदिन आग्रह गरेका छौं, तर डाक्टर नखटाउँदा सामान्य समस्या आए पनि रिफर गर्नुपर्ने लाजमर्दो अवस्था छ', जिल्ला अस्पताल कालीकोटका प्रमुख डा. भिष्मप्रसाद पोखरेले भने।

'सरकारले स्वास्थ्य अधिकारलाई नागरिकको नैसर्गिक अधिकारका रूपमा संविधानमै व्यवस्था गरेको छ। स्वास्थ्य क्षेत्रको सुधार र विकासका लागि वर्षमा अर्बौं रकमको विनियोजन हुन्छ। नयाँ कर्मचारीका लागि लोक सेवाको विज्ञापन हुन्छ। सर्वसुलभ पहुँचका लागि स्वास्थ्य संस्था र बर्थिङ सेन्टरहरूको विस्तार हुन्छ। कतिसम्म भने सामान्य उपचारका लागि केही औषधि निःशुल्कसमेत भनिने गरेको छ। गर्भवतीका लागि सरकारी स्वास्थ्य संस्थामा अनिवार्य जाँच र सुत्केरीसमेत गराउन सरकारको उर्दी छ', नेपाल बार एसोसिएसन कालीकोटका अध्यक्ष अम्मलराज शाही बताउँछन्।

यसका लागि दुर्गम र सुगमका आधारमा तीन हजारसम्म सुत्केरी भत्ता र पोषण सामग्रीको समेत व्यवस्था छ, तर अस्पतालका समिति, कर्मचारीहरूको लापरबाही, राजनीतीकरण र चरम कागजी भ्रष्टाचारका कारण सरकारी स्वास्थ्य क्षेत्र बदनाममा रहेको उनको भनाइ छ।

गैरजिम्मेवारी सूचना

स्वास्थ्य सेवा कार्यालयको लेटरमा फागुन २० गते एक सूचना जारी गर्दै कार्यालय प्रमुख डा. भिष्मप्रसाद पोखरेलले गैरजिम्मेवारी सूचना जारी गरेका छन्। उनले जारी गरेको सूचनामा यस्तो उल्लेख छ-

प्रस्तुत विषयमा यस स्वास्थ्य सेवा कार्यालय कालीकोटका कार्यालय प्रमुखलाई कुनै कार्मविशेषले फोन सम्पर्क गर्नुपरेमा कार्यालयको समयभित्र गर्नु हुन जानकारी गराउँदै कार्यालय समय बाहिर गरिएको फोन सम्पर्क हुन नसकेको अवस्थामा यसको जवाफदेहिता कार्यालय प्रमुखले नलिने भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

'नागरिकले कानुन नमान्दा कारबाही हुन्छ। जेल कोचिन्छ, तर जनताले कार्यालय प्रमुखलाई कुनै कामविशेषले फोन सम्पर्क गर्नुपरेमा कार्यालय समयभित्र गर्नुपर्ने अवस्था आएको पत्रकार महासंघ कालीकोटका अध्यक्ष भरतराज विष्टले बताए। उनले भने, 'हरेक सरकारी अस्पतालमा सरकारले राम्रो उपचारका लागि डाक्टर र प्रविधिको व्यवस्था गरेको छ, तर नागरिक त्यो सुविधाबाट वञ्चित छन्। एउटा सामान्य घाउको बिरामीसमेत अस्पतालबाट रिफर गरिन्छ। जिल्ला अस्पताल कालीकोट अहिले रिफर सेन्टरका रूपमा स्थापित छ।'

सामान्य परिवारले एउटा सुत्केरी गराउन जाँदा कम्तीमा लाख रूपैयाँ बोकेर अस्पताल छिर्नुपर्ने बाध्यता रहेको युवा नेता हिक्मतजंग मल्लले बताए। उनले भने, 'नागरिक पीडित भइरहेका छन्, आर्थिक अवस्था कमजोर भएकाका लागि रोग पाल्नु या मृत्युबाहेक अरू उपाय छैन।'

ऐतिहासिक पुल जीर्ण बनेपछि आवतजावतमा रोक

कृष्ण किसी
भक्तपुर, फागुन २७

भक्तपुरको पुरानो जगातीस्थित पुल जीर्ण बनेपछि मालवाहक सवारी आवतजावतमा रोक लगाइएको छ। 'ऐतिहासिक पुल जोआगौं' भन्दै स्थानीयले पुलबाट मालवाहक सवारी साधन प्रवेशमा रोक लगाएका हुन्। यसका लागि उनीहरूले पुलका दुवैछेउमा सार्वजनिक जानकारी राखेका छन्। 'ऐतिहासिक पुल जोआगौं' मालवाहक गाडी प्रवेश निषेधित पुल, भक्तपुर नगरपालिका नगर कार्यापालिकाको कार्यालय व्यासी भक्तपुर लेखेर बनाइएको फ्लेक्स पुलको लट्ठामा झुन्ड्याइएका हुन्।

ऐतिहासिक पुल भएकाले मालवाहक सवारी साधन प्रवेश गर्दा जुनसुकै बेला भत्किएर दुर्घटना हुन सक्ने भएकाले नगरपालिकासँग अनुरोध गरी फ्लेक्स बनाउन दिइएको र सर्वसाधारण वा गाडी चालकलाई जानकारी दिन फ्लेक्स टाँगिएको स्थानीयले बताए। यो पुल भक्तपुर नगरपालिका वडा नं ८ पुरानो जगाती र सूर्यविनायक नगरपालिका वडा नं ९ र १० को सिमाना खोलामा रहेको छ। यो पुल अरनिको राजमार्गअन्तर्गत महानगरीय प्रहरी वृत भक्तपुरको चेक पोइन्टबाट पुरानो जगाती हुँदै काभ्रे पुग्ने वैकल्पिक अरनिको राजमार्गमा रहेको छ।

अरनिको राजमार्गको पुरानो मार्गबाट चल्ने सवारी साधन यही पुल भएर जाने गर्दछन्। अरनिको राजमार्ग नबन्दै सवारी साधन पुरानो जगातीको यही पुल भएर

नागरिक आर्थिक

बुधबार २८ फागुन २०८१, Wednesday, 12 March 2025

बजार

सुन तोला - १६९,९००
चाँदी तोला - १९७०

विदेशी मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर -	१३९.२५	१३९.८५
युरो -	१५१.७२	१५२.३७
पाउन्ड स्टर्लिङ -	१८०.०४	१८०.८२

विदेश अध्ययन र भ्रमणमै एक खर्ब बाहिरियो

नागरिक संवाददाता
काठमाडौं, फागुन २७

विद्यार्थी उच्च शिक्षा अध्ययनका लागि बिदेशिने क्रम बढेसँगै मोटो रकम विदेश जाने गरेको छ। विदेशबाट ठूलो मात्रामा रेमिटेन्स आप्रवाह भए पनि अध्ययनका लागि जाने विद्यार्थीले मोटो रकम लैजाने गरेका छन्। त्यसैगरी नेपाली विदेश घुम्न जाने संस्कृति बढेसँगै विदेश भ्रमण खर्च पनि बढेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को सात महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय १०.६ प्रतिशतले वृद्धि भई एक खर्ब १५ अर्ब ८८ करोड रूपैयाँ पुगेको छ। यो रकम वैदेशिक भ्रमण र उच्च शिक्षा अध्ययनमा विदेश गएको हो। यसअन्तर्गत सात महिनामा उच्च शिक्षा अध्ययन गर्न विदेश जाने विद्यार्थीले ६४ अर्ब १५ करोड रूपैयाँ लगेका छन्। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय एक खर्ब चार अर्ब ७५ करोड रहेकोमा शिक्षातर्फको व्यय ६६ अर्ब ६४ करोड रहेको थियो। समीक्षा अवधिमा खुद सेवा आय ५० अर्ब २२ करोडले घाटामा रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ३६ अर्ब ३८ करोडले घाटामा रहेको थियो। सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ७.७ प्रतिशतले वृद्धि भई ४९ अर्ब २१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ४५ अर्ब ६८ करोड रहेको थियो।

शिक्षा र भ्रमणमा पनि ठूलो रकम विदेसिँदा अर्थतन्त्रमा थप चाप पर्ने सरोकारवाला बताउँछन्। भ्रमण र शिक्षाका नाममा विदेशिएको रकम अन्य प्रयोजनका लागि लगिएको हुन सक्ने आंशका पनि गरिएको छ। नेपालीले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाएको भए पनि विभिन्न बहानामा नेपालबाट रकम बिदेशिने गरेको छ। अध्ययनका लागि विद्यार्थीले विश्वविद्यालय, कलेजलाई तिर्नुपर्ने शुल्कको लागि भन्दै रकम लैजाने गरेका छन्।

विदेशमा रकम गएको आशंकामा नेपाल राष्ट्र बैंकको विदेशी विनिमय विभागले एक सूचना प्रकाशन गरी विदेश विनिमय (नियमन गर्ने) ऐन २०१९ को दफा १० (क) ले विदेशमा लगानी गर्न प्रतिबन्ध गरेको स्मरण गराएको थियो। नेपाल बसोबास गर्ने व्यक्तिले कुनै पनि तरिकाले विदेशमा भुक्तानी दिने सम्बन्धी कार्य गर्न प्रतिबन्ध रहेको समेत जानकारी गराएको छ। विदेशमा घरजग्गा खरिद, धितोपत्र खरिद, सम्पत्ति खरिद, विदेशी बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्ने लगायतका पुँजीगत प्रकृतिका कारोबार गर्न रकम लैजान नपाइने जनाएको छ।

बैंकले तोकिदिएको व्यवस्थाबमोजिमबाहेक विदेशमा भुक्तानी हुने सम्बन्धी कार्य नगर्न/नगराउन अनुरोध गर्दै प्रचलित कानुन विपरीत रकम लगेमा कारबाही गर्ने समेत जनाएको थियो तर रेमिटेन्स आप्रवाह भने निकै बढेको छ। मुलुकमा रोजगारीको अवसर नहुँदा युवाहरू बैदेसिक रोजगारीमा गएर मासिक सरदर एक खर्ब २८ अर्ब रूपैयाँ रेमिटेन्स पठाएका छन्। पोहोरको तुलनामा रेमिटेन्स आप्रवाह १८.८ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

धराशयी बन्दै चामल उद्योग

योगेश रावल
टीकापुर, फागुन २७

कैलालीको पूर्वी भेगका ठूला चामल उद्योग धराशयी भएसँगै साना चामल उद्योगसमेत बन्द हुने अवस्थामा पुगेका छन्। कोभिड १९ को महामारीले निम्त्याएको आर्थिक मन्दीसँगै चामल उद्योगहरूले उत्पादन घटाएका थिए। अहिले भने कतिपय उद्योग बन्द भैसकेका छन्।

'यस्तै अवस्था रह्यो भने सबै चामल उद्योग बन्द हुन्छन्', टीकापुरस्थित भोजराज खाद्य उद्योगका सञ्चालक अर्जुन भट्टराईले भने, 'अहिलेसम्म जेनतेन चलाइरहेका छौं, कुन दिन बन्द गर्नुपर्ने हो थाहा छैन।'

कोरोनामहामारीले आर्थिक मन्दी सिर्जना गऱ्यो। त्यही आर्थिक मन्दीले चामल उद्योगका लागि थुप्रै समस्या उब्जाइ दियो। एकातिर बैंकको ब्याजमा वृद्धि भयो भने अर्कोतिर बैंकले 'सिजनल लोन' रोकिदियो। बैंककै कारण चामल उद्योगको उत्पादनमा 'ब्रेक' लागेकाले उद्योगी संकटमा पर्दै गए। कतिपय समस्या चामल उद्योगी आफैंले सिर्जना गरे। उदाहरणका रूपमा उद्योगीहरूले, अस्वस्थ प्रतिस्पर्धा गर्नु, प्रतिस्पर्धाले गर्दा बढेको उधारो फस्नु, आम्दानीलाई अन्यत्र लगानी गर्नुलाई लिन सकिन्छ। 'हाम्रा साथीहरूले फाइदा र घाटाको आकलन गरेनन्', बिना फुड प्रोडक्टका सञ्चालक विजय न्यौपानेले भने, 'अस्वस्थ प्रतिस्पर्धाले पनि समस्या निम्त्यायो।'

नेपाली चामल उद्योग बन्द हुनुको अर्को महत्त्वपूर्ण कारण पनि छ। त्यही कारणले कैलालीको पूर्वी भेगका ठूला चामल उद्योग उहिल्यै खण्डहर बनेका थिए। स्वदेशी उत्पादन बजारमा जाने बेलामा भारतीय सस्तो चामल भित्रिन्छ। जुन चामलसँग स्वदेशी उत्पादनले प्रतिस्पर्धा नै गर्न सक्दैन। उद्योगीहरू सस्तोमा चामल बेच्न बाध्य हुन्छन्। 'हामी प्रतिस्पर्धा नै गर्न सक्दैनौं', उद्योगी भट्टराईले भने, 'यता हाम्रो चामल भने उधारोमा बेच्नुपर्छ।'

यसरी सस्तोमा नेपाली बजारमा भित्रिने भारतीय चामल उपभोगका लागि अस्वस्थकर मानिन्छ। स्रोतका अनुसार भारतीय व्यापारीले वर्षौंदेखि गोदाममा थन्क्याएर राखेको चामल नेपाली व्यापारीहरूलाई सस्तोमा बेच्ने गर्छन्। नेपाली व्यापारीले त्यही चामल आफ्नो बोरामा भरेर बजारमा पठाउने गर्छन्। 'यो सबै वर्षौंदेखि भइरहेको छ' उद्योगी भट्टराईले भने, 'सबैको मिलोमतोमा बदमासी भैरहेको छ तर रोक्ने कसले ?'

कुनै बेला यहाँको चामल धनगढी, नेपालगञ्ज लगायतका बजारमासमेत बिक्री हुन्थ्यो। सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी जिल्लामा टीकापुरको चामलको राम्रो बजार थियो। त्यहाँ उद्योगीको उधारो समेत फसेको छ। 'कुनैबेला हाम्रो चामलले राम्रो बजार पाएको थियो। अहिले कारोबार गर्न डर लाग्छ' टीकापुर फुड प्रोडक्टका सञ्चालक मुकेश बमले भने, 'केही हदसम्म उधारोले डुबायो। उधारो दिएको फिर्ता आउने सम्भावना न्यून छ।' ठूला चामल उद्योग बन्द भैसकेपछि पनि टीकापुरबाट मासिक ५० हजार क्विन्टल चामल निर्यात हुन्थ्यो। उद्योगीका अनुसार अहिले मुस्किलले हजार/दुई हजार क्विन्टल चामल निर्यात हुन्छ।

ठूला चामल उद्योग सञ्चालनमा हुँदा भने टीकापुरको चामल स्वदेशमा मात्रै हैन विदेशमा समेत निर्यात हुन्थ्यो। टीकापुरमा चामल उद्योग सञ्चालन भए पनि भण्डारण छिमेकी मुलुक भारतको तिकुनियाँमा हुने गर्थ्यो। त्यहाँबाट भैरहवा नाका हुँदै चामल नेपाल भित्रिन्थ्यो र खपत हुन नसकेको चामल व्यवसायीले भारतमा बिक्री गर्थे।

तत्कालीन समयमा चामल उत्पादनका लागि कैलालीको पूर्वी क्षेत्र निकै चर्चामा थियो। जिल्लाका प्रायः सबै किसानले धान बिक्रीका लागि यसै क्षेत्रलाई रोज्थे। जिल्लाभरको धान खरिद गर्न पाएपछि चामल उद्योग निकै गतिमा चलेका थिए। ठूला चामल उद्योगमध्ये अहिले एउटा मात्रै मौरानिया चामल उद्योग सञ्चालनमा छ। आफ्ना बुबाले स्थापना गरेको यो चामल उद्योग छोरा नारायण गोयलले जसोतसो चलाइरहेका छन्।

साविक नारायणपुर गाविसमा रहेका मख्खन बाबु भनेर चिनिने बिरबहादुर राईको दुर्गा राइस मिल, गोविन्द श्रेष्ठको ओखरपुर राइस मिल, शान्तिकुमार अग्रवालको शक्ति राइस मिल र टीकापुर अस्नेरीस्थित कर्णाली राइस मिल देशभरमै चिनिने ठूला चामल उद्योग हुन। एउटा उद्योगमा एक घण्टामा २० क्विन्टल चामल उत्पादन हुने गर्थ्यो। २०४६ को राजनीतिक परिवर्तनपछि उत्पन्न घटनाक्रमले ठूला चामल उद्योग बन्द हुन थाले। दुर्गा राइस मिल २०४६ कै आसपास बन्द भयो। २०५३ सालताका शक्ति र ओखरपुर राइस मिल बन्द भए। त्यही आसपासमा कर्णाली राइस मिल पनि बन्द हुन पुग्यो। उद्योग बन्द भएसँगै सबै व्यवसायी विस्थापित भए।

निर्जिवन बीमा अभिकर्ता तालिमको सूचना

यस कम्पनीको निर्जिवन_बीमा अभिकर्ता भइ कार्य गर्न इच्छुक व्यक्ति र संस्थाहरुको लागि आ. व. २०८१/८२ मा निम्न तालिका अनुसार तालिम संचालन हुने भएकाले तालिममा भाग लिन चाहने व्यक्तिहरुले सम्बन्धित ठेगानामा निवेदन दिन सक्नु हुनेछ।

निर्जिवन बीमा अभिकर्ता तालिम

क्र.सं.	तालिम मिति	जिल्ला	निवेदन दिने ठेगाना	निवेदन दिने अन्तिम मिति
१	२०८१।१२।१२ देखि १५ गते सम्म	काठमाण्डौ	शिखर इन्स्योरेन्स कं. लि., प्रधान कार्यालय	२०८१।१२।०८

नोटः तालिमको अन्तिम दिन सहभागीहरूले अनिवार्य रूपमा १ घण्टा ३० मिनेटको परीक्षा दिनुपर्नेछ र उक्त परीक्षामा ५०% वा सो भन्दा बढी अङ्क प्राप्त गरेमा मात्र बीमा अभिकर्ताको ईजाजतपत्रको लागी आवेदन दिन सकिनेछ।

निर्जिवन बीमा अभिकर्ता तालिम लिनका लागि आवश्यक पर्ने कागजपत्रहरुः

- **तालिमका लागि निवेदन,**
- **नेपाली नागरिकता र प्यान कार्डको प्रतिलिपि,**
- **पासपोर्ट साइजको फोटो,**
- **शैक्षिक योग्यताः** मान्यता प्राप्त संस्था वा बोर्डबाट दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको
- संस्थाको हकमा संस्थाले माथिको योग्यता पुरा गरेका संचालक, कार्यकारी प्रमुख वा कुनै एकजना उच्च ब्यवस्थापकको नाम तालिमका लागि सिफारिस गर्नुपर्नेछ।

थप जानकारीका लागि सम्पर्क नं. ९८०२३२०८१४

Shikhar Insurance Happysurance

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
थापाथली,काठमाण्डौ, फोन नं.: ५३४६१०१, ५३४६१०२, पोष्ट बक्स नं. १०६९२
Email: shikharins@mos.com.np | Website:www.shikharinsurance.com

शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१ फागुन २८ गते बुधवार

यस विद्यालयको हातामा रहेको ईटा, सिमेन्टको जोडाइमा बनेको ३८ फिट लम्बाइ र ३२ फिट ६ इञ्च चौडाइ भएको दुई तले पक्की **'क'** भवन तथा ईटा, सिमेन्टको जोडाइमा बनेको ७९ फिट ९ इञ्च लम्बाइ र २४ फिट ६ इञ्च चौडाइ भएको जस्ताको छानोको **'ख'** भवन गरी दुईवटा पुरानो भवन आफ्नै खर्चमा भत्काई त्यसबाट आएको सामान समेत लैजाने र सो बापत विद्यालयलाई एकमुष्ट कम्तीमा ७,००,०००।- (अक्षेरेपी सात लाख) मा नघट्ने गरी बढाबढ शिलबन्दी दरभाउ पत्र पेश गर्न इच्छुक कम्पनी, संघसंस्था वा व्यक्तिलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यालयमा सम्पर्क गर्न सूचित गरिन्छ।

विश्व निकेतन मा. वि.
त्रिपुरेश्वर, काठमाडौं, फोन नं.: ५३६५२३५,९८५११८१६८१

सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.
तारकेश्वर न.पा.-१०, मनमैजु, काठमाडौं, फोन नं. ०१-४०२६९०४

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सुचना

तेस्रो पटक प्रकाशित मितिः २०८१/११/२८

यस सहकारी संस्थाबाट तपाईं सदस्यहरूले ऋण लिइ कारोबार गर्ने तपसिलमा उल्लेखित व्यक्तिले लिएको कर्जा यस संस्था संग गर्नु भएको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत संस्थाको लेना रकम नतिरी नबुझाई संस्था संग गर्नु भएको शर्त बन्देजहरू उल्लंघन गर्नु भएकोले तपाईहरुलाई संस्थाको नियमानुसार पटक पटक पत्रबाट र फोनबाट समेत ताकेता गर्दा पनि संस्थाको कर्जा रकम चुक्ता गर्न बेवास्ता गरी बस्नु भएकोले तपाईहरुको नाममा यो ३५ (पैंतिस) दिने तेस्रो पटक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थामा सम्पर्क गरी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज, जरिवाना रकम लगायत संस्थाको लेना रकम चुक्ता गर्नु होला। अन्यथा सहकारी ऐन, नियम, विनियम, कर्जा नीति र यस सहकारी संस्था संग गर्नु भएको लिखतअनुसार कारवाही गरी लेना रकम असुलउपर गरिनेछ। साथै कर्जामा धनजमानी दिनु हुने धनजमानीकर्ताहरुले यसै सूचनाबाट जानकारी लिनु भई उक्त कर्जा भुक्तानी गर्न गराउनु हुन सूचित गरिन्छ।

क्र.स.	कर्जावालाको नाम, ठेगाना	धितोको विवरण
१	**लाल बहादुर तामाङ** ठेगाना : जिल्ला नुवाकोट, शिखरबेसी गा.वि.स. वार्ड नं. १ बाबु : बिमान सिङ तामाङ बाजे : जमान सिङ तामाङ ना प्र नं. : ४६५८/०४२ जारी मिति : २०४२/०७/१९ नुवाकोट	निज ऋणी **लाल बहादुर तामाङ**को नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स. वडा नं. २ (२ग) को कित्ता नं ६२४ र ५८५ को क्षेत्रफल क्रमश ०-१-१-०, ०-६-३-२ (३९.७४), (२१८.५७) ब.मी.को पुरा जग्गा
२	**उमा अधिकारी** ठेगाना : काठमाडौं जिल्ला, झोरमहांकाल गा.वि.स. वडा नं. १ पति : रुद्र नारायण तिमल्सिना बाबु : उत्तम प्रसाद अधिकारी ससुरा : गंगाप्रसाद तिमल्सिना ना प्र नं. : २१४८६ जारी मिति : २०६२/०५/०९ काठमाडौं	निज ऋणी **उमा अधिकारी** को नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला गोलढुंगा गा.वि.स. वडा नं. ३ (३घ) को कित्ता नं २६६ क्षेत्रफल ०-२-२-० (७९.४९) ब.मी.को पुरा घरजग्गा

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको

अनलाईन बोलपत्र (ई-टेण्डर) आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०८१।११।२८)

यस प्रतिष्ठानलाई आवश्यक तपसिलमा उल्लेखित सामाग्रीहरु अनलाईन बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनीबाट अद्यावधिक फर्म दर्ता प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र आ.व. ०८०।०८१ को करचुक्ता प्रमाणपत्र, "कम्पनीहरुले कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपी," घोषणा पत्र, उत्पादक कम्पनीबाट जारी अधिकारिक विक्रेताको प्रमाण पत्र, बोलपत्र दस्तुर र बैंक जमानी पत्र (बिड बण्ड), को स्क्यान प्रतिहरु सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ। अनलाईन बोलपत्र सम्बन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरु, फाराम भर्ने तरिका आदि बारे सम्पूर्ण कागजातहरु (Bid Document) सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ। सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०८१।१२।२८ गते (तदनुसार April 11, 2025) दिनको ११:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ। ई-बोलपत्र खोल्ने मिति र समय २०८१।१२।२८ दिनको १२:०० बजे।

सि.नं.	बोलपत्रको विवरण	फारम दस्तुर	बिडबण्ड रकम
१.	Retragrade Intra-Renal Surgery (RIRS) Device with Flexiable digital Uretero-renoscope & Cyso-nephroscope (IFB No.: BPKIHS/081/082/60)	रु. ३,०००।-	रु. ६०,०००।-

Government of Nepal
Ministry of Energy, Water Resources & Irrigation
Department of Water Resources & Irrigation
Karnali River Management Project
Rajapur, Bardiya

Invitation for Bids

First Date of publication: 12-March-2025 (2081-11-28)

Karnali River Management Project, Bardiya invites electronic bids from eligible bidders for the following works under NCB Single Stage Two Envelope Bidding procedures. Bidders may obtain further detailed information from PPMO web portal www.bolpatra.gov.np/egp.

S.N.	Contract No.	Description of works	Bid Security Amount (Nrs.)	Minimum Average Annual Construction Turnover (Nrs.)	Bid Capacity (Nrs.)	Minimum Work experience of similar size and nature (Nrs.)	Cost of Bidding Documents (Nrs.)	Last Date of Bid Submission
1	KRMP/KLB/NCB/ 33/2081/082	Construction of Embankment with Launching Apron & Slope Revetment with spurs at Left Bank of Karnali River, Geruwa-1, Sarkhol, Bardiya.	21,70,000.00	10,81,90,000.00	8,22,30,000.00	5,20,00,000.00	5,000.00	11-April, 2025 12:00
2	KRMP/KLB/NCB/ 34/2081/082	Construction of Embankment with Launching Apron & Slope Revetment with spurs at Left Bank of Karnali River, Geruwa-2, Banghusra, Bardiya.	22,00,000.00	10,94,00,000.00	8,31,50,000.00	5,26,00,000.00	5,000.00	11-April, 2025 12:00
3	KRMP/KLB/NCB/ 35/2081/082	Construction of Embankment with Launching Apron & Slope Revetment with spurs at Left Bank of Karnali River, Rajapur-3, Tediya, Bardiya.	21,90,000.00	10,93,20,000.00	8,30,80,000.00	5,25,00,000.00	5,000.00	11-April, 2025 12:00
4	KRMP/KLB/MT/ NCB/ 36/2081/082	Embankment Protection works using big boulders at the Left Bank of Karnali River, Rajapur-4, Anantpur, Bardiya.	5,60,000.00	2,79,70,000.00	1,90,20,000.00	90,00,000.00	5,000.00	11-April, 2025 12:00

Project Director

हार्दिक श्रद्धाञ्जली

जन्मः २००२।११।०१
स्वर्गारोहणः २०८१।११।१६

स्व. शारदा श्रेष्ठ

यस कुम्भेश्वर प्राविधिक शिक्षालय संस्थाका उप सभापति, नेपालका प्रथम महिला न्यायाधिश तथा सर्वोच्च अदालतका अवकास प्राप्त न्यायाधिश श्रद्धेय ममतामयी, निर्भिक एवं कुसल न्यायमुर्ती तथा समाजसेवी श्रद्धेय शारदा श्रेष्ठज्यूको ७९ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनु भएकोमा हामी मर्माहत भएका छौं। उहाँले यस संस्थाको विकासमा पुऱ्याउनु भएको अमुल्य योगदानको स्मरण गर्दै आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चीरशान्तिकोलागि कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ। साथै यस दुःखद घडीमा शोकाकूल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्न श्री परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौ।

अ.प्रा. रथी शान्त कुमार मल्ल
सभापति
कुम्भेश्वर प्राविधिक शिक्षालय तथा शिक्षालय परिवार

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा बिक्रीमा

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा: 9841420589

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गाः ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोला ९८०६६५८८००, ९८०३८२२२७२

सस्तो मुल्यमा काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोलाः ९७६७६५५२९५, ९८०३२३१८७६

ज्ञानेश्वर मेनरोडमा २ आना १ पैसा जग्गा सुपथ मुल्यमाः ९७६७२४२३५४

होटल बिक्रीमा

स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ जग्गा सहित तुरुन्तै सुपथ मूल्यमा बिक्रीमाः ९८०३८२२२७२, ९८०६६५८८००

बिमालेख हरायो

मिति २०८० असोज ३० गते कपनबाट महाराजगञ्ज अफिस जानेक्रममा सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीबाट जारी गरिएको मेरो बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।
नामः मिङ्मा पाख्रिन लामा
ठेगानाः लिसङ्खु पाखर-४, सिन्धुपाल्चोक
बिमालेख नं. ३०१००००००११९२
फोनः ९८६०५८१२७०

वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१X५ = रु.१८००/-* मात्र
१X१० = रु.४०००/-* मात्र

श्याम/श्वेत प्रति बक्स
१X५ = रु.१२५०/-* मात्र
१X१० = रु.२८००/-* मात्र

*नू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

हिमालयन एभरेष्ट इन्स्योरेन्सको साधारणसभा सम्पन्न

काठमाडौं, फागुन २७ (नागरिक)- हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडको ३१औं वार्षिक साधारणसभा अध्यक्ष महेन्द्रकृष्ण श्रेष्ठको अध्यक्षतामा काठमाडौंमा सम्पन्न भएको छ। अध्यक्ष श्रेष्ठले कम्पनीको प्रविधि र प्रतिभामा वर्तमानमा गरेको लगानीको माध्यमबाट दीर्घकालीन स्रोतको परिचालन गरी दिगो लाभ लिन सकिनेमा विश्वास लिएको बताए।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत अन्जु श्रेष्ठले नवीन प्रविधिको प्रयोगबाट निर्जीवन बिमाका ग्राहकलाई सेवा प्रदान गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै प्रतिष्ठित संस्था बनाउने अधिकतम प्रयास रहेको बताए। सेयरका तर्फबाट जगन्नाथ आचार्य, उत्तमदत्त पाण्डे, सुदिप श्रेष्ठ लगायतका सेयरधनीले आफ्ना भनाइ राखेका थिए।

सभाबाट आव २०८०/८१ को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन पारित गर्नुका साथै सोही आवको मुनाफाबाट सेयरधनीलाई चुक्ता पुँजीको ८.७५ का दरले हुन आउने रकम २१ करोड ८७ लाख ६३ हजार सात सय ७४ रूपैयाँ बराबरको नगद लाभांशसमेत पारित गरिएको कम्पनीले जनाएको छ। कम्पनीले ८.७५ नगद लाभांश प्रदान गरेकोमा सेयरधनीले खुसी व्यक्त गरेका छन्।

भिसा र फोनपेबीच रणनीतिक साझेदारी

काठमाडौं, फागुन २७ (नागरिक)- भिसा विश्वव्यापी डिजिटल भुक्तानी क्षेत्रका अग्रणी कम्पनीले नेपालमा आउने अन्तर्राष्ट्रिय पर्यटकलाई फोनपेको क्युआर प्रणालीमार्फत भुक्तानी गर्न सक्षम बनाउन स्क्यान टु पे सुविधा सुरु गर्न नेपालको अग्रणी भुक्तानी नेटवर्क फोनपेसँग सहकार्य गरेको छ। यस सहकार्यले भिसा कार्ड प्रयोग गर्ने अन्तर्राष्ट्रिय पर्यटकको लागि नेपालमा सीमापार भुक्तानीलाई सुरक्षित, सहज र सुविधाजनक बनाउने अपेक्षा छ।

भिसा र फोनपेको यो स्क्यान टु पे सुविधाले नेपालभरिका १५ लाखभन्दा बढी क्युआर व्यवसायहरूमा भिसा कार्डबाट भुक्तानी गर्न सकिने हुँदा नेपाल आउने पर्यटकहरूको खरिद अनुभवलाई उत्कृष्ट बनाउनेछ। भिसाका नेपाल, बंगलादेश र भुटानका कन्ट्री म्यानेजर सब्बीर अहमदले भने नेपालका उपभोक्ता र पर्यटकलाई भिसा कार्डहरू स्क्यान गर्न र जुनसुकै ठाउँमा डिजिटल रूपमा भुक्तानी गर्न सक्षम बनाउन फोनपेसँग साझेदारी गर्न पाउँदा हामी खुसी छौं।

फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटाले भने, 'यो साझेदारी फोनपेको क्युआर योजनालाई नेपालमा रुचाइएको सीमापार भुक्तानी योजनाको रूपमा विस्तार गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो, जसले विश्वभरका भिसा कार्डधारकहरूलाई क्युआर भुक्तानी स्वीकृति जस्ता वैकल्पिक भुक्तानी मार्गहरूमा निर्बाध र सुरक्षित डिजिटल कारोबार अनुभव प्रदान गर्दछ।

नेपाल र एसियामा सबैभन्दा लोकप्रिय भुक्तानी विधिहरूमध्ये एक क्युआर कोडले नेपालका लाखौं व्यापारिक आउटलेटहरूमा नगदरहित भुक्तानीलाई सरल बनाउँदै कारोबारको समय घटाउनुका साथै सुरक्षित डिजिटल भुक्तानीलाई सशक्त गर्नेछ। भिसाले नेपालमा डिजिटल भुक्तानीको प्रयोग र स्वीकार्यता बढाउन बैंक र साझेदारहरूसँग निरन्तर काम गर्दै आएको छ।

ज्योति बैंकका ग्राहकलाई डेकोर प्यालेसमा छुट

काठमाडौं, फागुन २७ (नागरिक)- ज्योति विकास बैंक लिमिटेडले काठमाडौं नयाँबजारस्थित डेकोर प्यालेसमा बैंकका ग्राहकले विशेष छुट पाउने भएका छन्। बैंक र डेकोरबीच सम्झौतापश्चात् ज्योति विकास बैंकका ग्राहकले उक्त फर्निचर सोरुममा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने भएका हुन्। डेकोर प्यालेसमा घर तथा अफिसको लागि चाहिने सम्पूर्ण फर्निचर, सोफा, कार्पेट लगायतका विभिन्न गुणस्तरीय सामग्री उपलब्ध छ। ज्योति विकास बैंकले ग्राहकको सुविधालाई प्राथमिकतामा राख्दै अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै ग्राहकलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको बैंकले जनाएको छ। हालै बैंकले नगरकोटस्थित प्रचलित रिसोर्टहरू क्लब हिमायल र होटल हिमालयन भिल्लामा १० प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता भएको बैंकले जनाएको छ।

मुक्तिनाथ बैंकको वित्तीय साक्षरता कार्यक्रम

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
"जनता बैंकमा पोइन, बैंक जनतामा जानु पर्दछ"

काठमाडौं, फागुन २७ (नागरिक)- 'साक्षर बनौं, सक्षम बनौं" भन्ने मूलमन्त्र लाई आत्मसात गर्दै मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत यस फागुण महिनामा सातै प्रदेशहरूको विभिन्न स्थानका जनसमुदाय माझ बृहत् वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम विषेश गरी कृषक, उद्यमी, महिला तथा युवा लक्षित गरी आयोजना भएको थियो। कार्यक्रम अन्तर्गत व्यावसायिक योजनाको तयारी, बजारीकरणको सम्भवना, बजार व्यवस्थापनका रणनीति, व्यक्तिगत बजेट, पारिवारिक बजेट, आम्दानी खर्चको सन्तुलन, नगद प्रवाह, बचत परिचालन, कर्जा परिचालन, बिमा, विप्रेषण, डिजिटल बैंकिङ सेवाहरू, डिजिटल माध्यमबाट हुनसक्ने रकम अपचलन, ग्राहकको अधिकार लगायतका विषयवस्तु समेटिएको थियो। बृहत् वित्तीय साक्षरता कार्यक्रममा उपस्थित व्यक्तिहरूले यस्ता किसिमका कार्यक्रमले आफूमा भएका द्विविधा हट्ने र भविष्यमा आइपर्ने जोखिमहरूलाई समयमा नै व्यवस्थापन गर्न सहजीकरण हुने आसय व्यक्त गरेका थिए।

सिद्धार्थ बैंकद्वारा मनिपाल टेक्नोलोजिजसँग सहकार्य

काठमाडौं, फागुन २७ (नागरिक)- ग्राहकको वित्तीय सुरक्षा सुनिश्चित गर्न तथा वित्तीय प्रणालीलाई अझ स्थिर र सुरक्षित बनाउन सिद्धार्थ बैंक र मनिपाल टेक्नोलोजिज लिमिटेडबीच सम्झौता भएको छ। यस पहलले एन्टी मनी लाउन्डरिङ प्रविधिको सुदृढीकरण गरी नेपाल राष्ट्र बैंकका नियामकीय आवश्यकता अनुरूप वित्तीय अपराधको जोखिमलाई न्यूनीकरण गर्ने प्रतिबद्धतालाई थप सुदृढ बनाउने विश्वास बैंकले लिएको छ। यस सोलुसनले सिद्धार्थ बैंकलाई कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङको प्रयोग गरी कारोबार अनुगमन, ठगी नियन्त्रन तथा ग्राहक पहिचान पद्धति अवलम्बन गर्न सक्षम बनाउनेछ। सिद्धार्थ बैंकले मनिपाल टेक्नोलोजिजसँगको सहकार्यमा अवैध सम्पत्ति शुद्धीकरण न्यूनीकरण प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने लक्ष्य लिएको छ। साथै यस पहलले बैंकिङ उद्योगमा नयाँ मापदण्ड स्थापित गर्ने अपेक्षा गरिएको छ।

ट्रेड फेयर 'आहार'मा नेपालको काबरा ग्रुप सहभागी

काठमाडौं, फागुन २७ (नागरिक)- भारतको सबैभन्दा ठूलो ट्रेड फेयर 'आहार' सम्पन्न भएको छ। ट्रेड फेयरमा पहिलो पटक नेपालबाट सहभागी काबरा ग्रुपले क्वालिटी फुड एन्ड स्न्याक्स प्रालि, क्वालिटी फुड्स नेपाल प्रालि र क्वालिटी नुडल्स इन्डष्ट्रिज प्रालिका लोकप्रिय उत्पादनहरू बिस्कुट, स्न्याक्स तथा नुडल्सहरू 'आहार' ट्रेड फेयरमा राखेको थियो। प्रगति मैदानमा आयोजित 'आहार' ट्रेड फेयरमा आकर्षक रूपमा सिँगारिएको स्टलमा प्रदर्शित बिस्कुट, नुडल्स तथा स्न्याक्स अवलोकनकर्ताहरूको आकर्षणको केन्द्रमा रहेको थियो। केटाकेटीदेखि युवा र प्रौढदेखि वृद्धवृद्धासम्मलाई सुहाउँदो बजार मूल्यमा नौलो स्वाद र आकर्षक प्याकेजिङका साथ प्रस्तुत गरेको छ। ज्याकपट ब्रान्डका नुडल्स तथा स्न्याक्सहरूप्रति सर्वसाधारणदेखि उद्योगी व्यवसायीहरूले अवलोकन गर्नुका साथै उत्सुकता देखाएका थिए। ट्रेड फेयरमा भारतीय व्यवसायीहरूले प्रदेश र क्षेत्रगत सुपर डिष्ट्रिब्युटर्स, सोल डिष्ट्रिब्युटर्स र रिजनल डिष्ट्रिब्युटर्सको प्रस्तावनाहरू पेश गरेका छन्।

तेस्रो मुलुकबाट आएका व्यवसायीहरूले पनि डिष्ट्रिब्युटरका लागि आ-आफ्नो प्रस्तावहरू पेश गरेका छन्। 'आहार' ट्रेड फेयरमा प्राप्त भएको यो सफलताले प्रोत्साहित काबरा ग्रुपले आउँदो वर्ष अनुमानित २०० करोड माथिको निर्यात गर्ने लक्ष्य राखेको छ।

Kanti Highway Road Project
Chakupat Lalitpur

PRICE BID OPENING NOTICE

Date of Publication: 2081/11/28

Pursuant to rule No. 31 (Ja), Sub – rule No. (5) of PPR – 2064, it is notified to all the concerned bidders that, price bids of the following works will be opened publicly as per below table. Representatives of Substantially Responsive Bidders in technical evaluation are invited for the price bid opening.

S. N.	Name of the Contract	Contract ID	Substantially Responsive Bidder in Technical Evaluation	Price Bids Opening Schedule
1	Upgrading Works of Kanti Highway along Thingan to Baguwa Road Sector (Ch: 42+000 to Ch: 50+000)	KHRP/ NCB/ Works/ 33701104/ 081/82-02	1. M/S Sarbashakti-Panchkanya-Sunstar JV, Makawanpur 2. M/S USG-Ralukadevi-Oasis JV, Hetauda 3. M/S SIPL-Super Like-J&W JV, Kathmandu	1. **Venue:** Kanti Highway Road Project Office, Lalitpur 2. **Date:** 2081/12/06 (19th March 2025) 3. **Time:** 13:00 Hours (NST)

Project Chief

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/११/२८

यस कार्यालयबाट मिति २०८१/०९/२९ गतेका दिन प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मुल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि.नं.	ठेक्का नं	योजनाको नाम	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.क. र पि एस बाहेक)
1	Kanakai/NCB/ Works/2/081-82	Swargadwari Marga Kalopatre	Devi Mata Pathibhara Construction Pvt. Ltd., Kanakai- 3, Jhapa	Rs. 24,72,314.50

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/११/२८ गते नागरिक दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

हरिवन, सर्लाही शाखा

१. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंमा मिति २०७२/०८/२३ मा प्रा.फ.नं ४६४२१/९२२ कायम भई दर्ता रहेको काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **कृष्ण कन्ट्रक्सन ।**
प्रोप्राईटर - दिप बहादुर के. सी.

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **दिप बहादुर के.सी.**
ना.प्र.नं.- ३६४११४२५
जारी मिति - २०५९/०७/२१ जि.प्र.का. सर्लाही
बाबु - कृष्ण बहादुर के. सी.
बाजे - शम्शेर बहादुर खत्री
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा., वडा नं. ०९

२. **कृष्ण बहादुर के.सी.**
ना.प्र.नं.- १८११
जारी मिति - २०४५/०२/१० जि.प्र.का. सर्लाही
बाबु - शम्शेर बहादुर खत्री
बाजे - जय बहादुर खत्री
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा., वडा नं. ०९

३. **नीर कुमारी थापा**
ना.प्र.नं.- २२८
जारी मिति - २०४५/११/१८ जि.प्र.का. सर्लाही
बाबु - सुबेदार डम्बर बहादुर थापा
पति - कृष्ण बहादुर के. सी.
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा., वडा नं. ०९

४. **यादव के.सी.**
ना.प्र.नं.- ३६४१०९९६
जारी मिति - २०५८/०१/०६, जि.प्र.का. सर्लाही
बाबु - कृष्ण बहादुर के. सी.
बाजे - शम्शेर बहादुर खत्री
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा., वडा नं. ०९

५. **निर्मला कुमारी पाण्डे**
ना.प्र.नं.- १९-०२-७१-०२६९४
जारी मिति - २०७१/०७/०४ जि.प्र.का. सर्लाही
बाबु - रुद्र बहादुर पाण्डे
पति - यादव के. सी.
स्थायी ठेगाना- सर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. ०३
हालको ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा., वडा नं. ०९

धितो सुरक्षणको विवरण

१. **कृष्ण बहादुर के.सी.** को नाममा मालपोत कार्यालय, हरिवन, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. २/ख स्थित कित्ता नं. १२२, ३८२, ६५० र २०७० को क्षे.फ. क्रमश ०-१७-१०-०, ०-७-१८-०, ०-५-०-० र ०-१-२-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु ।
२. **दिप बहादुर के.सी.**को नाममा मालपोत कार्यालय, हरिवन, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स., वडा नं. २/ख स्थित कित्ता नं. १९४० को क्षे.फ. ०-३-१२-१२ (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु ।
३. ऋणी **कृष्ण कन्स्ट्रक्सन**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।
४. धनी कुमारी बैंक लि. र ऋणी **कृष्ण कन्ट्रक्सन** कायम रहेको तपशिलको सवारी साधनहरु:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
प्र. ३-०१-००३ क ६१२५	NKJ00752 ELKT05553	4H.3218/ 2020017	Roller	बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुर
प्र.२ -०३ ००१-ख-०६३५	MAT448137 K3R20738	91H63806027	Tipper	मधेस प्रदेश यातायात व्यवस्था कार्यालय, विरगंज, पर्सा
बा ३ क ३६७५	LG1611ZZC KN600001	1820042	Soil Compactor	बागमति अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर
लु १ क ३४७२	NKJ0B40BV JKH00446	804545740-234542	Backhoe Loader	लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देही
बा ३ क ४२९६	841900018	78947074	Motor Grader	बागमति अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर

बागबजार, काठमाण्डौ शाखा

१. ऋणीको विवरण

ममता कुमारी श्रेष्ठ
ना.प्र.नं.- १५३०६९/६९,
जारी मिति - २०६३/१०/२२ जि.प्र.का. सिराहा
बाबु - बद्री नारायण श्रेष्ठ
बाजे - विष्णु लाल श्रेष्ठ
पति - रामचन्द्र श्रेष्ठ
स्थायी ठेगाना- सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स/न.पा वडा नं.२
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. २८

धितो सुरक्षणको विवरण

१. **रामचन्द्र श्रेष्ठ**को नाममा मालपोत कार्यालय, सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, चन्द्रलालपुर वडा नं. २ स्थित कित्ता नं. ३३२५ को क्षे.फ. ४४०.२१ (व.मि) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

व्यक्तिगत तथा संस्थागत जमानीकर्ताहरूको विवरण

१. **रामचन्द्र श्रेष्ठ**
ना.प्र.नं.- १०६९,
जारी मिति - २०४४/१२/२२, जि.प्र.का. सिराहा
बाबु - कृष्ण बहादुर श्रेष्ठ
बाजे - नर धव्ज श्रेष्ठ
स्थायी ठेगाना- सराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स/न.पा वडा नं. २
हालको ठेगाना- काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं २८

२. नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६५/०७/२४ मा प्र.फ.र.नं ८३५४२/०६५/६६ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. ३१, बागवजार स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री गोदावरी बुक्स सेन्टर ।**

कावासोती शाखा

१. ऋणीहरूको विवरण

क. प्रदेश सरकार, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी मिति २०७७/१२/२३ मा प्रा.फ.द.नं. १७९४/०७७/०७८ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १४ स्थित रजिष्टर्ड कार्यालय रहेको **मालिका इलेक्ट्रीकल्स ।** (स्थायी लेखा नं. ६१५७३२९१२, जारी मिति २०७७/१२/२४)
प्रोपाईटर - मालिका मुखिया

ख. **हेमराज थनेत**
ना.प्र.नं.- २०७८४
जारी मिति - २०५७/१२/१३, जि.प्र.का. नवलपरासी
बाबु - तेजनारायण थनेत
बाजे - जयराम थनेत
पत्नी- मालिका मुखिया
स्थायी ठेगाना- नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं. ०८
हालको ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. १४

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **मालिका मुखिया**
ना.प्र.नं.-३६२०१६/५८९
जारी मिति - २०६३/१०/०५, जि.प्र.का. नवलपरासी
बाबु - गंगाराम मुखिया
बाजे - मुनीलाल मुखिया
ससुरा- तेजनारायण थनेत
पति- हेमराज थनेत
स्थायी ठेगाना- नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ०७
हालको ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. १४

२. **हेमराज थनेत**
ना.प्र.नं.- २०७८४
जारी मिति - २०५७/१२/१३, जि.प्र.का. नवलपरासी
बाबु - तेजनारायण थनेत
बाजे - जयराम थनेत
पत्नि- मालिका मुखिया
स्थायी ठेगाना- नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं. ०८
हालको ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. १४

धितो सुरक्षणको विवरण

१. **हेमराज थनेत**को नाममा मालपोत कार्यालय, कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, अग्यौली गा.वि.स वडा नं. ८,८/ख स्थित कित्ता नं. ८२३ को क्षे.फ. ०-५-१६-० (बि.क.धु.क) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **मालिका इलेक्ट्रीकल्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

मक्मिटार, धादिङ शाखा

१. ऋणीको विवरण

गोबिन्द सुनार
ना.प्र.नं.- १२९४३८
जारी मिति - २०६२/०२/११ जि.प्र.का. गोरखा
बाबु - हिरालाल सुनार
बाजे -ढक बहादुर सुनार
स्थायी ठेगाना- गोरखा जिल्ला, गण्डकी गा.पा., वडा नं. ७

धितो सुरक्षणको विवरण

१. **हिरालाल सुनार**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, घ्यालचोक गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १३३ र १३० को क्षे.फ. क्रमश १९-१२-२-१ र २-४-२-२ (रो पनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **कबिता सुनार्नी**
ना.प्र.नं.- ग गो टो/३/६/३४८
जारी मिति - २०४६/३/४, जि.प्र.का. गोरखा
ससुरा - ढक बहादुर सुनार
पति - हिरालाल सुनार
स्थायी ठेगाना- गोरखा जिल्ला, गण्डकी गा.पा., वडा नं. ७ (साविक घ्यालचोक गा.वि.स. वडा नं. ०६)

२. **चमेली सुनार**
ना.प्र.नं.- ४४१०१६/३२३
जारी मिति - २०६६/७/१७, जि.प्र.का. गोरखा
ससुरा - हिरालाल सुनार
पति - गोबिन्द सुनार
स्थायी ठेगाना- गोरखा जिल्ला, गण्डकी गा.पा., वडा नं. ७ (साविक घ्यालचोक गा.वि.स. वडा नं. ०६)

२. **हिरालाल सुनार**
ना.प्र.नं.- ग गो १३३
जारी मिति - २०४४/१०/२२, जि.प्र.का. गोरखा
बाबु - ढक बहादुर सुनार
बाजे - पिताम्बर सुनार
स्थायी ठेगाना- गोरखा जिल्ला, गण्डकी गा.पा., वडा नं. ७ (साविक घ्यालचोक गा.वि.स. वडा नं. ०६)

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

भगवतीले आरसिटीलाई हरायो

काठमाडौं, फागुन २७ (नागरिक)- उत्कृष्ट पुनरागमनसँगै श्री भगवती क्लबले जारी सहिद स्मारक 'बी' डिभिजन लिग फुटबलमा जित निकाल्दा मध्यपुर युथ एसोसिएसन र टुसाल युथ क्लबले अंक बाँडेका छन्।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार भएको पहिलो खेलमा मध्यपुर र टुसाल १-१ गोलको बराबरीमा रोकिएका हुन्। दोस्रो खेलमा भने १० खेलाडीमा सीमित आरसिटीको अग्रता उल्ट्याउँदै श्री भगवतीले ३-१ को जित निकाल्यो। यससँगै लिगमा पाँचौं खेल पूरा भएको छ। यसअघि च्यासल, ब्रिगेड ब्वाइज र प्लानिङ ब्वाइज क्लबले जित निकाल्दा च्यासल र वीरगन्ज युनाइटेडबीचको खेल बराबरीमा नै टुङ्गिएको थियो। एन्फा कम्प्लेक्समा मंगलबार मध्यपुरले अग्रता जोगाउन नसक्दा अंक बाँडेको हो। खेलको ४१औं मिनेटमा सन्तोष गोङ्बाको गोलबाट मध्यपुरले अग्रता लिएको थियो।

कर्नरबाट आएको पास सदुपयोग गर्दै कप्तान सञ्जय राजवाहकले राइट साइडबाट दिएको बललाई सन्तोषको हेडर गोलमा परिणत भएको हो। यो गोलसँगै पहिलो हाफमा मध्यपुरले अग्रता लियो। तर, फितलो डिफेन्सका कारण मध्यपुरले अग्रता जोगाउन भने सकेन। ६६औं मिनेटमा टुसाल विनोद नेम्वाङको गोलबाट खेलमा फर्कियो। विनोदले गोल गर्दै टुसाललाई १-१ को बराबरीमा ल्याए। ईश्वरकुमार रायमाझीले राइट साइडबाट दिएको बललाई विनोदले वान टचमार्फत जाली चुमाएका हुन्। त्यसपछि थप गोल हुन सकेन र खेल बराबरीमा नै टुङ्गियो। दोस्रो खेलमा पनि आरसिटीले अग्रता गुमाउँदै हार बेहोरेको हो।

आरसिटीविरुद्ध बल अगाडि बढाउँदै श्री भगवतीका शिशिर लेखी। *तस्बिर : एन्फा*

खेलको ३३औं मिनेटमा कप्तान समीर राईले रातो कार्ड सामना गरेपछि आरसिटी १० खेलाडीमा सीमित भयो। उनले श्री भगवती क्लबका कप्तान उर्केन जङ्बु शेर्पालाई हातले हानेपछि सीधै रातो कार्ड सामना गरेका हुन्। यद्यपि, एक खेलाडी कम भए पनि त्यसको तीन मिनेटपछि नै आरसिटीले निखिल तामाङको गोलबाट अग्रता लियो। प्रज्वल गुरुङको थ्रु बललाई उनले दुई डिफेन्डरको बीचबाट निक्लिएर गोल गरेका हुन्। त्यो गोलसँगै आरसिटीले पहिलो हाफमा अग्रता कायमै राख्यो। तर, दोस्रो हाफमा भने आरसिटी समालिन सकेन र तीन गोल बेहोर्दै नतिजा सुम्पिन बाध्य भयो।

सहिद स्मारक 'बी' डिभिजन लिग

५४औं मिनेटमा विक्रान्तनरसिंह राणाले गोल गर्दै श्री भगवतीलाई बराबरीको स्थितिमा ल्याए। आरसिटीका डिफेन्डरबाट बल खोस्दै श्री भगवतीले गोल गरेको हो। शिशिर लेखीको पासमा विक्रान्तले गोल गरेका हुन्। ७७औं मिनेटमा अमर श्रेष्ठको आत्मघाती गोलबाट श्री भगवतीले अग्रता बनायो। लेखीको क्रस रोक्ने क्रममा अमरको खुट्टामा ठोकिएर बल आरसिटीको जाली चुम्न पुग्यो। ९०औं मिनेटमा श्री भगवतीले तेस्रो गोल गर्दै खेल पूर्ण आफ्नो नियन्त्रणमा लियो। विशालविक्रम सिलवालले गोल गर्दै श्री भगवतीलाई ३-१ को जित दिलाए।

गण्डकी र मधेसको जित

काठमाडौं, फागुन २७ (नागरिक)- गण्डकी र मधेस प्रदेशलले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा जित निकालेका छन्।

लुम्बिनी प्रदेशमा जारी प्रधानमन्त्री कप क्रिकेटमा मंगलबार गण्डकीले कर्णालीमाथि चार विकेटको जित निकाल्दा मधेसले छिमेकी कोसी प्रदेशलाई १६५ रनको फराकिलो अन्तरले हराएको छ। गण्डकीले दोस्रो खेलबाट पहिलो जित निकालेको हो भने मधेसले पहिलो खेलमा नै सफलता प्राप्त गऱ्यो। गण्डकीले पहिलो खेलमा सुदूरपश्चिम प्रदेशलाई नतिजा सुम्पिएको थियो। तर, दोस्रो खेलमा भने गण्डकीले कर्णालीलाई हराउँदै जित निकाल्यो। बलियो सुदूरपश्चिमलाई हराउँदै सुखद सुरुआत गरेको कर्णालीले गण्डकीसँग भने नतिजा सुम्पिन पुग्यो।

दाङको लमही क्रिकेट मैदानमा खराब ब्याटिङ सामना गर्दै कर्णालीले ९२ रनको झिनो लक्ष्य दिएको थियो। त्यो लक्ष्य गण्डकीले २९.१ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो। गण्डकीका दीपक डुम्रे ५० रनमा र सुजन गौतम २२ रनमा अविजित रहे। खराब सुरुआत गरेको गण्डकी ११.४ ओभरमा नै २२/५ को नाजुक अवस्थामा थियो। तर, यी दुईबीच सातौं विकेटका लागि ७३ रनको अविजित साझेदारी बन्यो। दीपकले ७८ बलमा सात चौका हिर्काए। ६ ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। तर, दीपक र सुजनले साझेदारी बनाएपछि सामान्य लक्ष्य पछ्याएको गण्डकी भेट्टाउन सफल भयो। कर्णालीको बलिङमा कप्तान दिवान पुनले तीन, दीपेन्द्र रावतले दुई तथा युनिशविक्रम ठकुरीले एक विकेट लिए।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कर्णाली २७.२ ओभरमा ९१ रनमा नै अलआउट हुन पुग्यो। इनिङको तेस्रो बलमा नै ओपनर सुनील धमलालाई शून्यमा नै गुमाएको कर्णाली त्यसपछि समालिनै सकेन। कुनै पनि ब्याटरले लामो इनिङ खेल्न सकेनन् र कर्णाली सस्तैमा नै समेटिन पुग्यो। विपिन शाहीले २०, अर्जुन घर्तीले १७, विपिन रावलले १५ र हिमान्शु शाहीले १२ रन बनाए। गण्डकीको बलिङमा चन्द्र पौडेल, सुवास भण्डारी, कप्तान विपिन खत्रीले समान दुई तथा सन्दीप पराजुली र अमृत गुरुङले समान एक विकेट लिए।

मंगलबार नै भएको अर्को खेलमा ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेपछि मधेसले कोसी प्रदेशलाई सहजै हरायो।

यससँगै कोसीले पहिलो दुई खेल नै गुमाएको छ। पहिलो खेलमा पनि कोसी लुम्बिनीसँग २६ रनले पराजित भएको थियो। दोस्रो खेलमा पनि खराब ब्याटिङ सामना गरेपछि कोसीले सहजै मधेसलाई नतिजा सुम्पिएको हो।

प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट

लुम्बिनी प्रदेशमा जारी प्रधानमन्त्री कप क्रिकेटमा मंगलबार गण्डकीले कर्णालीमाथि चार विकेटको जित निकाल्दा मधेसले छिमेकी कोसी प्रदेशलाई १६५ रनको फराकिलो अन्तरले हराएको छ।

सिद्धार्थनगर रंगशालामा तीन ब्याटरले अर्धशतक बनाएपछि मधेसले २८५ रनको बलियो लक्ष्य दियो। मधेसका ओपनर तथा कप्तान अनिल साह, पवन सर्राफ र दीपेश दास तीनै जनाले अर्धशतक बनाएका थिए। जबाफी लक्ष्य पछ्याएको कोसी ३३औं ओभरमा ११९ रनमै समेटिन पुग्यो। ओपनरद्वय चिराग साह र अंकीत सुवेदी शून्यमा नै पेभेलियन फर्किंदा कोसीले खराब सुरुआत गऱ्यो।

त्यसपछि दबाब महसुस गरेको कोसी समालिनै सकेन। कोसीका शकिब हकले २५ रन जोडे। यो नै सर्वाधिक ठूलो व्यक्तिगत स्कोर रह्यो। सुजन थपलियाले २४, फिरदोस अन्सारीले २१ र दीपेश कँडेलले २० रन जोड्दा कोसीले मुस्किलले सय रनको आँकडा पार गरेको हो। मधेसको बलिङमा रूपेश सिंहले पाँच र राजेश यादवले तीन विकेट लिँदै कोसीको इनिङ धराशयी बनाए। रूपेशले ९ ओभरमा २९ रन मात्र खर्चिए। हरिशंकर साह र प्रदीप पासवानले समान एक विकेट निकाल्दै कोसीलाई सस्तैमा समेटे। त्यसअघि टस जितेर ब्याटिङ गरेको मधेसले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै २८४ रनको योगफल बनाएको थियो।

खराब सुरुआत गरे पनि मधेसले समालिँदै ब्याटिङ गऱ्यो। ओपनर मायन यादवलाई १० रनमा नै गुमायो। तर, अर्का ओपनर अनिल साहले ७५ रनको अर्धशतकीय इनिङ खेले। उनले ७५ बलमा १० चौका हिर्काए। मध्यक्रममा ब्याटिङ गर्न आएका सर्राफले ९२ रनको इनिङ खेल्दै मधेसलाई उकासे। उनले ८५ बलमा ११ चौका र दुई छक्का प्रहार गरे। दोस्रो विकेटका लागि अनिल र हरिशंकबीच ८७ रन र छैटौं विकेटका लागि पवन र दीपेशबीच १२३ रनको महत्त्वपूर्ण साझेदारी बन्यो। दीपेशले ६० बलमा अविजित ५० रन जोडे। उनको इनिङमा सात चौका र एक छक्का रह्यो।

नेपाल भारत रहेको समूह 'बी' मा

काठमाडौं, फागुन २७ (नागरिक)- नेपाल साफ यु-१९ च्याम्पियनसिपमा घरेलु टोली भारत रहेको समूह 'बी' मा परेको छ।

आगामी मे ९ देखि १८ तारिखसम्म भारतको अरूणाचल प्रदेशमा तेस्रो संस्करणको साफ यु-१९ च्याम्पियनसिप हुँदै छ। सोही च्याम्पियनसिपका लागि मंगलबार काठमाडौंमा भएको ड्रमा नेपाल आयोजक भारतको समूहमा 'बी' मा परेको हो। यस साफमा आयोजक भारतसहित नेपाल, बाङ्लादेश, भुटान, माल्दिभ्स र श्रीलंकाले प्रतिस्पर्धा गर्दै छन्।

नेपालको समूहमा श्रीलंका पनि छ। अर्को समूह 'ए' मा बाङ्लादेश, भुटान र माल्दिभ्स छन्। सन् २०२३ मा नेपालमा नै भएको साफ यु-१९ च्याम्पियनसिपमा भारतले पाकिस्तानलाई हराउँदै उपाधि उचालेको थियो। सन् २०२४ मा भने यु-२० साफ च्याम्पियनसिप भएको थियो। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्ने समीकरण छ। लिग कम नकआउटका आधारमा हुने यस साफमा कुल नौ खेल हुनेछन्। खेलहरू अरूणाचल प्रदेशको युपियास्थित गोल्डन जुब्ली स्टेडियममा हुनेछन्।

खेलकुदमन्त्रीको निर्णयविरुद्ध रिट जारी

काठमाडौं, फागुन २७ (नागरिक)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) का चार बोर्ड सदस्यलाई हटाउने युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको निर्णयविरुद्ध सर्वोच्च अदालतले फैसला सुनाएको छ।

राखेप बोर्ड सदस्यबाट हटाउने खेलकुदमन्त्रीको निर्णयविरुद्ध अन्जन धमलासहित प्रकाश कुसारी, जनक बर्तौला र मोहमद फाजिलले सर्वोच्चमा रिट दायर गरेका थिए। अदालतले निवेदनमाथि सुनुवाई गर्दै रिट जारी गर्ने फैसला सुनाएको हो। योसँगै बोर्ड सदस्य हटाउने खेलकुदमन्त्रीको निर्णय कार्यान्वयन नहुने भएको छ।

सातौं राष्ट्रिय उमा कुङ्फु शनिबार

काठमाडौं, फागुन २७ (नागरिक)- राष्ट्रिय उमा कुङ्फु संघको आयोजनामा सातौं राष्ट्रिय उमा कुङ्फु प्रतियोगिता शनिबार हुने भएको छ।

प्रतियोगितामा विभिन्न १८ जिल्लाका १ सय ७५ खेलाडीको सहभागिता रहने आयोजक संघका उपाध्यक्ष भूपेन्द्र गुरुङले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। सान्डा, ताइची र प्याटर्नमा गरी जम्मा ३९ स्पर्धामा खेल हुनेछ। सान्डामा १९, ताइचीमा ४ र प्याटर्नको वेयर ह्यान्ड र वेपनमा १६ स्पर्धामा प्रतिस्पर्धा हुनेछ। प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न अन्तर्राष्ट्रिय निर्णायकसमेत रहेका उपाध्यक्ष गुरुङको संयोजकत्वमा ९ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। त्यस्तै विभिन्न उपसमिति पनि गठन गरिएको छ।

प्राविधिकमा अन्तर्राष्ट्रिय निर्णायक एवं संघका महासचिव कमल मगर, स्वास्थ्यमा उपाध्यक्ष रमेश महर्जन, आर्थिकमा कोषाध्यक्ष सूर्य लामा, प्रचारप्रसारमा सदस्य राजदीश नेम्कुल र सांस्कृतिकमा सदस्य शेरबहादुर गुरुङलाई संयोजकको जिम्मेवारी दिइएको छ। प्याटर्न र ताइचीको प्रमुख निर्णायक मण्डलमा उपाध्यक्षद्वय गुरुङ र महर्जन तथा सान्डाको प्रमुख निर्णायक मण्डलमा संघका अध्यक्ष एवं अन्तर्राष्ट्रिय निर्णायक सन्जितकुमार राई र महासचिव मगर प्रमुख निर्णायक मण्डलमा रहनेछन्।

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल